# अध्याय - एक

## १.१ परिचय

विभिन्न रीति-रिवाज र जातीय संस्कारलाई बोक्दै भाषा भाषिका उप-भाषिकाका सहायताले युगको झझल्को र मानवताको चिनारी दिने लोकसाहित्य आजको आम साहित्यको जननीको रुपमा प्रष्टिएको छ जसले आफ्नो कुल गोत्र जान्दैन, जननी चिन्दैन सायद उसले आफूलाई पनि जानेको हुदैन । त्यसले आफूलाई र इतिहसलाई जान्न हामी कुन ठाँउबाट यहाँ आइपुगेका हौ भन्नेतिर बहस उठाउनु भन्दा हाम्रो मौलिक संस्कृति  कस्तो छ, त्यसमा हामी कति धनी छौं भन्ने तिर फर्कन नै बेस हुन्छ । संस्कृत र भाषा बीच अभेद्य सम्बन्ध हुन्छु, जुन भाषाको मौलिक  संस्कृति र साहित्यका विम्ब प्रतिविम्बको घनत्व बढी हुन्छ, त्यसको गरिमा पनि उच्च नै हुन्छ ।  जुन भाषा-भाषिकामा साहित्य लेखिएको छैन, लोकसाहित्य रचिएको छैन, व्याकरण र शब्दकोश निर्माण भएको छैन, जुन कुराले लोकको मुटु छुन सकेको छैन त्यो समाज र भाषा मृत बराबर नै हो । हाम्रो राष्ट्र भाषा नेपालीमा अनगिन्ती लोकसाहित्य नभएको होइन । तर खोज र प्रकाशनको अभावमा कति त कालन्तरका खाल्डामा नै पुरिए भने कति बहँदै बहँदै आएर कुना कन्दरामा छिपेर रहेका छन् । “यसलाई साहित्यकारका व्यक्तिगत प्रयासबाट आज संस्थागत खोजतलास गरी टेवा पुऱ्याउने काममा त्रि.वि. केन्द्रीय नेपाली विभागबाट आंशिक प्रयोजन पूरा गराउन लोक साहित्यतिर उन्मुख हुन प्रेरित गरिएको छ । यसै सन्दर्भलाई जोड दिएर यस अध्ययनमा झापाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथाको संकलन र विश्लेषण गरिने सानो प्रयास गरिएको छ । लोककथा मानव सभ्यताको विकाससँगै प्रारम्भ भएको पाइन्छ । लोककथा लोकसाहित्यको आख्यानयुक्त गध्य विधा हो । लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्वहरुको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् । लोककथामा कल्पना, तिलस्मी प्रवृत्ति र रोमाञ्चक तत्वहरु विद्यमान हुन्छन् । यसमा मानव, मानवेत्तर प्राणी तथा विभिन्न पदार्थहरु पात्रका रुपमा आएका हुन्छन् । लोककथा लोकको मनोरञ्जनको साथै नीति शिक्षा, व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले सुन्ने सुनाउने गरिन्छ । यो लोकका निम्ति लोकले भन्दै आएको मौखिक परम्परामा हुर्केको विधा हो ।

झापा एक प्राकृतिक,सामाजिक, सांस्कृतिक, भाषिक विविधताले भरिपूर्ण जिल्ला हो, यस जिल्लाको पश्चिमी भेगमा विशेष गरी बाहुन, क्षेत्री, नेवार, दमाई, कामी,मगर,राजवंशी,धिमाल, सतार,चौधरी, राई, लिम्बू आदि जातजातिका मानिसहरू बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा जातीय विविधता भए पनि र दशैं, तिहार, तीज, छठ आदि महत्वपूर्ण पर्वहरू मनाइन्छन् । यस क्षेत्रमा लोककथाहरू बूढापाकाले आफ्ना सन्ततिलाई मनोरञ्जनका साथै उपदेश दिनको लागि भन्ने गरेको पाइन्छ । प्रायः यस क्षेत्रमा साँझ खाना खाएर सुत्ने बेलामा कथाहरू सुन्ने सुनाउने गर्छन् ।

हाल आएर फिल्मी कथाहरूको प्रभावले गर्दा स्थानीय मूल्य, मान्यता र परम्परालाई दर्शाउने लोककथाहरू भन्न छाडिसकेका छन् । झापा जिल्लाको पश्चिमी क्षेत्रमा पनि यही स्थिति छ । मानवसभ्यताको पहिचानको रुपमा रहेका लोककथाहरूको अध्ययन, अनुसन्धान र संरक्षण गर्नु आवश्यब छ ।त्यस्तै प्रस्तुत अध्ययनपत्रमा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथनः

प्रस्तुत विषयमा निम्न लिखित प्रश्नहरूको उत्तर पत्ता लगाउन प्रयत्न गरिएकोछ ।

क) लोककथाको सामानय परिचय के हो, यसमा अग्रज विद्वानहरूका मत कस्ता पाइन्छन् ?

ख) झापाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथाहरू के कति छन् ?

ग) उक्त लोककथाहरू विषयवस्तु, पात्र, संवाद, भाव, उद्देश्य जस्ता लोककथाका तत्वका अधारमा के कस्ता छन् ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत अध्ययन गरिएको हो ।

## १.३ अध्ययनको उद्देश्य :

यस अध्ययनपत्रमा निम्न लिखित उद्देश्य रहेका छन् ।

क) लोककथाको सामान्य परिचय दिई यसमा केही विद्वानह्रूका मत प्रकाश गर्नु ।

ख) झापाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथा के कति छन्, सङ्कलन गर्नु ।

ग) कथावस्तु, भाषा, उद्देश्य तथा पात्र जस्ता तत्वका अधारमा विश्लेषण गर्नु ।

यिनै उद्देश्य पुरा गर्ने कार्य प्रस्तुत अध्ययनमा भएको छ ।

## १.४ पूर्व कार्यको समीक्षा

लोककथा संकलनको क्षेत्रमा अध्ययन गर्दा हामी आजभनदा ४०० वर्ष अघिका ऋगवेद, पुराणमा हुँदै नेपाली भाषामा वि.स. १८५५ को 'वेताल पच्चिसी' वि.स. १८७२ को 'पिनासको कथा' १८७३ को 'हितोपदेश मित्रलाभ' बालचन्द्र शर्माको 'गुलबकावली,' तोतामैनाको कथा,मधुमालतीको कथा हुँदै श्रुति संकलन र प्रकाशनमा बोधविक्रम अधिकारी सम्ममा आइपुग्दा वि.स. १९९६ मा नेपाली लोकसाहित्यले गतिलै जग बसालिसकेको पाइन्छ । त्यसपछिका प्रमुख प्रयासमा ललितजङ सिजापतिको वि.स. २००३ को दन्त्यकथाका प्रेरणाजन्य भूमिकालाई कहिल्यै विर्सिन सकिन्न । आज विभिन्न क्षेत्रबाट भाषा संस्कृति तथा साहित्यप्रेमीहरुबाट निरन्तर भइरहेको प्रयासले लोक कथाको उचाइ थपिँदै गएकोछ ।

लोककथा अध्ययन र विश्लेषण संस्कृति साहित्यका आनन्दवर्धन देखि पश्चिमी विद्वान् जर्ज गोमे, एन्टी आर्नेको प्रभाव परेको पाइन्छ ।लोककथाका विश्लेषणमा भारतीय विद्वान डा. कृष्णदेव उपाध्ययले पुऱ्याएको भूमिका पनि नेपाली लोकसाहित्यका अध्ययन विश्लेषणका व्यक्तित्वहरूलाई सहज वातावरणको प्रेरणाजन्य भूमिका रहेको पाइन्छ । तुलसी दिवसको 'नेपाली लोककथा' २०३२ ,धर्मराज थापा र हंशपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' २०४१, मोतीलाल पराजुलीको विद्यावारिधि अध्ययनमा ' नेपाली लोककथाका अभिप्रायको अध्ययन' २०५४, डा. शम्भु कोइरालाको 'लोकसाहित्य सिद्धान्त र विश्लेषण' २०५५ का साथै त्रि.वि.वि. को पाठ्यक्रमलाई मध्यनजर गरी प्रकाशित गरिएको चूडामणि बन्धुको नेपाली

लोकसाहित्य २०५८ का सफल प्रयासले आज सम्पूर्ण लोकसाहित्य प्रेमी, शिक्षण सँस्था तथा नेपाली संस्कृति प्रति मोह दर्शाउनेहरूका लागि गतिलै आधार स्तम्भ खडा भएको पाइन्छ । यिनै व्यक्तित्वका कृतिहरूको नौकामा चढी साहित्यसमुद्रमा आजका अध्येता विद्यार्थीहरूले आ-आफ्नो क्षेत्रबाट लोकसाहित्यका विधाहरुमा संकलन र विश्लेषण कार्यमा पइला चालेको कुरामा दुईमत छैन । तसर्थ अब हुने यस अध्ययनमा पनि यिनै अग्रजहरुका कृतिका प्रभाव र प्रेरणाबाट लोकसाहित्यको कथा विधाको अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको महत्व तथा औचित्य

"सहितस्य भाव : साहित्यम्" भने झैं साहित्यले मानव मात्रको हित नगरेर सम्पूर्ण प्राणी जगतको हित गरेकै हुन्छ । त्यसमा पनि जुन समाजको लोकसाहित्य छैन तथा समाज र भाषा प्रायः मृत जस्तै हुन्छ भन्ने सर्वत्र विद्वतवर्गको मत्यैक छ । लोकसाहित्यलाई पहिल्याउदै जाँदा हामी सम्पूर्ण धर्मग्रन्थ हुँदै वेदमा पुग्छौ । त्यही साहित्यको माध्यम बाटै मानव सभ्यताको मतैक छ । लोकसाहित्यलाई पहिल्याउदै जाँदा हामी सम्पूर्ण धर्मग्रन्थ हुँदै वेदमा पुग्छौं । त्यही साहित्यको माध्यमबाटै मानव सभ्यताको विकास भयो । अलिखित परमपराका श्रुतिजगत नै शिक्षाको मेरुदन्ड रह्यो । आज पनि अधिकांश मानिसहरूका आँखा खुलेका छैनन् । तापनि तिनीहरूका चरित्र निर्माण त्यही मौखिक साहित्य र परम्पराबाट भएको छ । त्यसैले अपठितका मनभित्र पनि चेतनाका प्रज्वलित प्रभाहरू हुन सक्छन्, प्रेरणा प्रदान गर्न लोककथाको औचित्य हुनेछ । यस्ता दन्त्यकथाह्रू संकलनत गरी लिखितरूपमा प्रस्तुत गर्नाले समाजमा उत्साह त थप्छ नै, अगामि सहित्यप्रेमीहरुलाई पनि समाजमा भएका रत्नहरुलाई सङ्कलन गरी प्रकाश पार्ने, खोज र अनुसन्धानतिर सहयोग पुऱ्याउने, भाषा अध्ययन र विकासमा टेवा पुऱ्याउने शिक्षक विद्यार्थीहरूलाई आ-आफ्ना कार्यक्षेत्रको स्रोत तथा साधन ठाँउमा अघि बढ्न यस प्रस्तुत अध्ययनपत्रले एक पाइलो भने पनि सहयोग पुऱ्याउँछ । त्यसैले यस अध्ययनपत्रको महत्व र औचित्य स्वतःस्पष्ट हुन्छ ।

## १.६ अध्ययनको क्षेत्र र परिसीमा

यस अध्ययनको लागि झापा जिल्लाको पश्चिमी क्षेत्रमा रहेका ११ वटा गा.वि.स. तथा नगरपालिकाहरू १) दमक नगरपालिक २) लखनपुर ३) तोपगाछी ४)

धरमपुर ५) गौरादह ६) कोहवरा ७) महारानीझोडा ८) जुरोपानी ९) खजुरगाछी १०) बैगुनधुरा ११) गौरीगञ्जलाई मात्र लिइएको छ । उक्त क्षेत्रका दन्त्यकथालाई सङ्कलन गरी कथावस्तु, चरित्रचित्रण, भाव, उद्देश्य एवं शैली तथा त्यसका महत्वका आधारमा गुरूवर्गका सुझाव र पुस्तकका अध्ययनका सहायताले विश्लेषण गरिएकोछ ।

## १.७ अध्ययनको विधि

यस अध्ययनपत्रमा उक्त क्षेत्रमा प्रचलित कथाहरू के कस्ता छन् भनि क्षेत्रगत भ्रमण गरी विद्यालय र समाजमा रहेका दन्त्यकथा भन्ने व्यक्तिहरूलाई कथा भन्न प्रेरित गरी सङ्कलन गरिएको हो। यस कथाले पुऱ्याएको फाइदा उनीहरुसँग सोधपुछ गरी गुरु वर्गका निर्देशन र पुस्तकालयीय अध्ययनबाट अध्ययन विश्लेषण गरिएको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

पहिलो अध्याय– अध्ययन परिचय

दोस्रो अध्याय– लोककथा सिद्धान्त

तेस्रो अध्याय –सङ्कलित लोककथाहरू

चौथो अध्याय –सङ्कलित लोककथाहरूको विश्लेषण

पाँचौ अध्याय– उपसंहार

# अध्याय - दुई

## २.१ लोककथा सिद्धान्त र लोककथाको परिचय

लोककथा लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । लोककथा मानव सभ्यताको शुरुवातदेखि नै भनिदै आएको पाइन्छ । यसले मनोरञ्जन प्रदान गर्नुका साथै शिक्षा पनि दिने भएकोले यसलाई वर्तमानमा पनि एउटा महत्वपूर्ण विधाको रूपमा लिइन्छ । लोककथा मौखिक परम्परामा पुस्ता-पुस्ता सर्दै जाने विधा भएकोले यसमा एक बाट अर्को, अर्कोबाट अर्को हुँदै जाँदा कथालाई रोचक पार्न कथामा घटनाहरू घटबढ समेत  गरिएको हुन्छ । यो बूढापाकाले आफ्ना सन्तानहरूलाई मनोरञ्जन दिन र शिक्षा लिऊन् भन्ने उद्देश्यले फुर्सदको बेला सुन्ने र सुनाउने गर्दै आएको विधा हो । यसमा पात्रहरू मानव–मानवेतर, अतिमानवीय र पदार्थ समेत हुन्छन ्। यस्ता कथाहरू चलाखी, बहादुरी, पशुपक्षी बीचको कुराकानीले कथालाई रोचक बनाउँछ । लोककथा एकादेशमाबाट सुरु भएर सुन्नेलाई सुनकोमालामा गएर टुङ्गिन्छ । यसको भाषा सरल, सहज र सुबोध्य हुन्छ । यसमा लोकको रहनसहन, धर्मसंस्कृति, समाज आदिको झलक पाइन्छ । लोककथा लोकको सम्पत्ति हो यसले नैतिक उपदेश दिन्छ ।

## २.२ परिभाषा

साहित्यको कुनै पनि विधाको परिभाषा यो नै हो भनेर भन्नु कठिन कुरा हो । लोककथाको पनि परिभाषा यो नौ पूर्ण परिभाषा हो भनेर ठोकुवा गर्न सकिदैन । त्यसैले यसको परिभाषा अनेक विद्वानहरूले दिएका छन् । डा. श्रीराम शर्माले लाककथालाई यसरी चिनाएका छन् :–"लोककथाको नाम एक साधारण अर्थ वाचक नामकारूपमा प्रयोग हुदै आएको छ, जसको प्रयोग परम्परागत ,वृत्तात्मक र अन्य विविध व्यञ्जनाका रूपमा गर्ने गरिन्छ । यसमा मैलिकताको अभाव हुन्छ । यो सुन्ने गरिन्छ र बारम्बार भन्ने पनि गरिन्छ । कहिले काहिं कण्ठ भएको लोककथामा नयाँ कथा वाचक द्वारा केहि परिवर्तन र परिवर्द्धन गर्ने गरिन्छ ।"

अर्का लोकसाहित्यका विद्वानद्वाय धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार – "लोककथाको मतलव हो, आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजादिने चाखिलो

वर्णनात्मक विषय वस्तु द्वारा सुनिएको घतिलो रचना हो ।” त्यस्तै अर्का लोकसाहित्यविद् प्रा. डा.मोतीलाल पराजुलीका अनुसार–“मानव मनका सुख–दुःखका, कल्पना र भावलोकका रूखासुखा घटना हरूका प्रचीन कथात्मक अवशेषहरू जो मनोरञ्जनपूर्ण कलात्मक भाषाको प्रयोग हुदै आएका छन् तिनलाई लोककथा भनिन्छ ।” त्यस्तै अर्का लोकसाहित्यका अध्येता चूडामणि वन्धुका अनुसार –“लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुदै आएका कथाहरूनै लोककथा हुन्न् ।”

## २.३ लोककथाका तत्वहरू

लोककथा लोकमानसको भावात्मक अभिव्यक्ति हो । यो लोकको ढुकढुकी हो । फुर्सदको बेलामा मनोरञ्जन दिने उद्देश्यले सुन्ने र सुनाउने चलन छ । यस्ता लोककथाहरू कस्ता तत्वबाट निर्मित हुन्छन् ? भनेर जान्नु  आवश्यक हुन्छ । यहाँ लोककथाका तत्वहरुको चर्चा गरिन्छ ।

२.३.१ कथानक

२.३.२ पात्र

२.३.३ परिवेश

२.३.४ उद्देश्य

२.३.५ भाषा

२.३.६ शैली

## २.३.१ कथानक

अभिप्राय श्रृङ्खलासहितका विभिन्न काल्पनिक कथाहरू लोककथाका कथानकका रूपमा आएका हुन्छन् । कुनै पनि घटना वा विचार नभई लोककथा बन्दैन । घटना वा विचारको श्रृङ्खलालाई अभिप्राय भनिन्छ । कथानकलाई रोचक बनाउन कथामा सशक्त रूपमा आउने हुनाले अभिप्रायलाई कथानकको  पूरक तत्वको रूपमा लिइन्छ । कथानक विना लोककथा अगाडि बढ्न सक्दैन । लोककथामा सम्भव– असम्भव जे

पनि  विषयवस्तुको प्रयोग हुन्छ । जसले विश्वब्रह्माण्डमा भएका र ठानेका कुनै पनि कल्पित सन्दर्भलाई विषयवस्तु बनाएर त्यसै बिषयका प्रस्तुतिका क्रममा अनेक पात्र र परिवेश झल्किएका हुन्छन् । कथानकलाई आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलाएर लोककथा प्रस्तुति गरिन्छ । तसर्थ लोककथाको प्रमुख तत्वको रुपमा कथानकलाई लिइन्छ ।

## २.३.२ पात्र

लोककथाको कथानकलाई अगाडि बढाउन पात्रको आवश्यकता पर्दछ । लोककथामा कथानक एउटा बगैंचा हो भने पात्र त्यस बगैंचाको माली हो । मालीले फूलमा पानी, गोडमेल गर्ने गरेन भने फूल त्यसै सुकेर जान्छ । त्यस्तै पात्र विना लोककथाले पनि गति लिन सक्दैन । लोककथा कल्पना प्रधान हुने हुनाले उसका पात्रहरू पनि सामाजिक जीवनको यथार्थ धरातल भन्दा काल्पनिक संसारबाट  बढी लिएका हुन्छन् । यसका पात्रहरुमा मानवीय , मानवेतर र अतिमानवीय र पदार्थशक्ति समेतलाई लिएको हुन्छ । मानव पात्रको रूपमा राजा, रानी, राजकुमारी, गरिव, टुहुरा आदि हुन्छन्। मानवेतरमा गाई, भैसी, स्याल, कुकुर, भँगेरा , बाघ, कुखुरी आदि पात्र हुन्छन् । लोककथामा आउने पात्रहरुले प्राय : कथानकलाई लौकिक यथार्थभन्दा पर पुगेर प्रस्तुत गरेका हुन्छन् । तसर्थ पात्रविना लोककथा अगाडि बढ्न नसक्ने हुँदा पात्र लोककथाको महत्वपूर्ण तत्व हो ।

## २.३.३ परिवेश

लोककथामा ग्रामिण, दरबारिया आञ्चलिक परिवेश आएको र लौकिक–अलौकिक परिवेशमा कथा रचिएको हुन्छ । पृथ्वीमा भएका घटना र आँखाले देख्न सकिने घटना लौकिक र आँखाले देख्न नसकिने केवल अनुभूतिमात्र गर्न सकिने परिवेश अलौकिक हो ।  अलौकिक परिवेश अर्न्तगत देवलोक, नागलोक, परिलोक, जादुगरी आदि पर्दछन् । परिवेशले गर्दा कथावस्तु मात्र यथार्थ नभएर पनि त्यसलाई यथार्थ नै हो भन्ने भान श्रोतामा परेको हुन्छ । वातवरणको यही जीवन्त चित्रणले लोककथा सुनौं सुनौं लाग्ने बन्दछ । तसर्थ परिवेश लोककथाको महत्वपूर्ण तत्व हो ।

### २.३.४ उद्देश्य

उद्देश्य लोककथाको अर्को महत्वपूर्ण तत्व हो । नेपाली समाजमा लामो समयदेखि जरा गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नुको कारण यसबाट प्राप्त हुने मनोरञ्जन हो । तसर्थ लोककथा मूलत : मनोरञ्जनका उद्देश्यले सुन्ने सुनाउने गरिन्छ । यसका अतिरिक्त यसबाट धार्मिक नैतिक शिक्षा वा उपदेश पनि प्रप्त गर्ने उद्देश्यले लोककथा सुन्ने सुनाउने गरिन्छ ।

### २.३.५ भाषा

लोककथामा सरल, सहज र सम्प्रेष्य लोकभाषाको प्रयोग गरिन्छ । लोककथा ग्रामीण जनजीवनको झलक भएकोले यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग गरिन्छ । जसले गर्दा अपठित मानिसहरूले सजिलै बुझ्छन् । मनोरञ्जन लिन सक्छन् ।

### २.३.६ शैली

लोककथाहरू मूलरूपमा वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छन् । तापनि अन्त गर्भित शैली र क्रमसँम्बर्द्धनात्मक शैलीको पनि प्रयोग भएको पाइन्छ । रोमाञ्चकता सबै लोककथामा पाइने साझा शैली हो । लोककथाका मूल कथामा अन्य साना उपकथाहरू आएका हुन्छन् भने त्यसलाई अन्तगर्भित शैली भनिन्छ । एउटै कुरा बारम्बार दोहोरिएर आएमा क्रमसम्बर्द्धनात्मक शैली हुन्छ ।

यसरी लोककथामा उल्लेखित तत्वहरूका अतिरिक्त संवाद र लोकतत्व पनि विद्यमान हुन्छन् । लोकतत्वमा गैरकल्पना,टुनाविचारणा, धर्मप्रति विश्वास आदि पर्दछन् भने संवाद गौणरूपमा आएको हुन्छ । यी सवै तत्वहरूको संयोजनले लोककथा रोचक मनोरञ्जनपूर्ण र पूर्ण बनेको हुन्छ ।

## २.४ लोककथाका विशेषताहरू

लोककथा मौखिक परम्परामा चल्दै आएको एउटा लोकप्रिय विधा हो । यो शिक्षित, अशिक्षित, बूढाबूढीदेखि केटाकेटीसम्म सबैले उत्तिकै रुचाएर सुन्ने सुनाउने

गर्दै आएको लोकको मनोरञ्जनको साधन हो । मौखिक परम्परामा चल्दै आएको यस विधाको आफ्नो छुट्टै पहिचान छ । यसले विभिन्न विशेषताहरू बोकेर आफ्नो यात्रा गरिरहेको छ । जुन विशेषताहरूलाई निम्नअनुसार उल्लेख गरिन्छ ।

२.४.१ उपदेशात्मकता

२.४.२ मनोरञ्जनात्मकता

२.४.३ रचनाकार अज्ञात हुनु

२.४.४ संदिग्ध ऐतिहासिकता

२.४.५ सामाजिकता

२.४.६ काल्पनिकता

२.४.७ भाग्यवादी प्रवृत्ति

२.४.८ धार्मिक विश्वास

२.४.९ सरलता र सहजता

## २.४.१ उपदेशात्मकता

लोककथाले यसो गर्नुहुन्छ, हुँदैन भन्ने खालका उपदेश दिएको हुन्छ । यस्ता खालका कथाले नैतिक एवम् बौद्धिक शिक्षा प्रदान गर्दछन् । लोककथा बूढापाकाहरूले आफ्नो जीवन भोगाइका अनुभव अनुभूतिलाई कथाको रुपमा प्रस्तुत गरेर आफ्ना सन्तानहरुलाई बहादुर बनून्, आफूभन्दा ठूलालाई आदर गर्न सिकून् भन्ने उपदेश दिने उद्देश्यले सुन्ने र सुनाउने गरिन्छन् ।

### २.४.२ मनोरञ्जनात्मकता

लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्न हो । लोककथाहरूद्वारा लोकलाई मनोरञ्जन दिंदै मानिसहरूले आफ्नो थकाइ बिर्सेर त्यतैपट्टि आकर्षित हुन्छन् । लोककथामा श्रोताहरूलाई मनोरञ्जन दिन पशुपात्रहरूलाई मानवीय भाषामा बोलाइएको हुन्छ । पशु र मावनमा एक-आपसमा सम्वाद गराइएको हुन्छ । पदार्थ पात्रहरूले सीमितरूपमा भूमिका निर्वाह गरेका हुन्छन् । यो देखेर मानिसहरू मनोरञ्जन लिन्छन् ।

### २.४.३ रचनाकार अज्ञात हुनु

लोककथा मौखिक परम्परामा सुन्ने र सुनाउदै आएको विधा हो । लोकका लागि लोकले रचेको कथामा कुनै एउटा लेखकको प्रभाव रहँदैन । एउटाले सुनाउँछ , त्यो. सुन्नेले अर्कोलाई सुनाउँछ । यसरी सुन्ने सुनाउने क्रममा कथालाई रोचक पार्न त्यसलाई थपघटसमेत गरिन्छ । लोककथामा सामूहिक अवचेतनको प्रभाव रहन्छ, तसर्थ यसका रचनाकार अज्ञात रहन्छन् ।

### २.४.४ संदिग्ध ऐतिहासिकता

नेपाली लोककथाहरूले नेपालको इतिहास, ऐतिहासिक घटना, वीर पुरुष आदिका विषयलाई आत्मसात् गरेको हुन्छ । ऐतिहासिक स्थल, मठ-मन्दिर देवीदेवता आदिको उत्पत्ति र तिनीहरूप्रति मानिसहरूको विश्वासको अभिव्यक्ति लोककथामा पाइन्छ तर यस्तो ऐतिहासिकता तथ्यमा आधारित नभएर कल्पनामा आधारित हुने हुँदा संन्दिग्ध पक्ष मूल रुपमा रहन्छ । तसर्थ संन्दिग्ध ऐतिहासिकता लोककथाको एउटा विशेषता हो ।

### २.४.५ सामाजिकता

लोककथामा समाजका रीतिस्थिति, समाज, चालचलन, संस्कृति आदिको तस्वीर खिचिएको हुन्छ । लोककथामा चित्रित वा वर्णित परिवेशले त्यो समाजको ऐनाको रूपमा काम गर्दछ । समाजको यथार्थ थाहापाउन त्यहाँको लोकसाहित्यको अध्ययन हुनु जरुरी हुन्छ । त्यसैले लोककथाको एउटा विशेषता सामाजिकता हो ।

### २.४.६ काल्पनिकता

लोककथामा कल्पनातत्वको प्रधानता रहन्छ । यस्ता कथामा अलौकिक पात्रहरू आएका हुन्छन् । तिनीहरुलाई काल्पनिक संसारमा विचरण गराइएको हुन्छ । लोककथामा वास्तविकता भन्दा परको कुरालाई प्रस्तुत गरिएको हुन्छ । **पशुपक्षीह**रुलाई मानव भाषामा कुरा गराइएको हुन्छ । तसर्थ लोककथामा काल्पनिकता ज्यादा पाइन्छ भन्न सकिन्छ ।

### २.४.७ भाग्यवादी प्रवृत्ति

लोककथामा भाग्य सम्बन्धी विश्वास गरिएको हुन्छ । यसमा कर्म गरे फल मिल्छ भन्नु भन्दा पनि भाग्यले लेखेको पाइन्छ भन्ने कथन माथि विश्वास गरिन्छ । यस्ता कथामा भाग्य हुनेले चाल्नामा दूध दोए पनि अडिन्छ , टुहुराका दिन फर्कन्छन् भन्ने विश्वास राखिन्छ ।

### २.४.८ धार्मिक विश्वास

लोककथा सामाजिक परम्परामा मौखिक रुपमा सुन्ने सुनाउने गरिन्छ । नेपाली समाज धार्मिक विश्वासमा अडेको हुनाले धर्मले यो गर, यो नगर भनेर भनेका कुरामाथि विश्वास गरी त्यसैको आधारमा लोककथा भनिएको पाइन्छ । यस्ता कथामा मन्दिरजाने, पूजाआजा गर्ने आदि जस्ता कुराहरू आएका हुन्छन् । लोककथामा ऋषि–महर्षि आदिका वाणीहरूको उल्लेख गरिएको हुन्छ । राम्रा काम गर्नेलाई वरदान दिने र पापीलाई दुःख दिने जस्ता कुराहरू आएका हुन्छन् । त्यसैले लोककथाको एउटा विशेषताको रुपमा धार्मिक विश्वासलाई लिइन्छ ।

### २.४.९ सरलता र सहजता

लोककथा ग्रामीण जीवनका अपठित, अञ्जान, सिधा–साधा मानिसहरूको मौखिक परम्पराबाट हुर्केको विधा हो । त्यसैले लोककथाको भाषा सुवोध्य हुन्छ । लोकको सम्पत्ति  भएकाले सरल, सहज र सम्प्रेषणीय हुनु यसको विशेषता हो ।

यी विभिन्न विशेषता बोकेर लोककथाले आफ्नो यात्रा गरिरहेछ । लोकको ढुकढुकीका रुपमा रहेको लोककथा लोकको सम्पत्ति हो । एकादेशमा बाट सुरु भएर सुन्नेलाई सुनको मालामा गएर टुङ्गिनु यसको अर्को विशेषता मान्न सकिन्छ ।

## २.५ लोककथाको वर्गीकरण

लोककथाको अध्ययनमा वर्गीकरणलाई पनि निकै महत्व दिइन्छ । यसको विषय क्षेत्र निकै फराकिलो छ । यसको विषयक्षेत्र फराकिलो हुँदाहुँदै पनि अध्ययनको सजिलोको लागि वर्गीकरण गर्नु आवश्यक हुन्छ । लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ । संस्कृत साहित्यका आचार्यहरूले विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी २ भागमा विभाजन गरेर काल्पनिक कथानक भएकोलाई कथा र सत्य घटनामा आधारित ऐतिहासिक विषयवस्तु भएकालाई आख्यायिका भनेर विभाजन गरेको पाइन्छ ।

त्यस्तै भारतीय विद्वान डा. कृष्णदेव उपाध्यायेले लोककाथा लाई ६ भागमा विभाजन गरेका छन् । १) उपदेश कथा २) ब्रतकथा ३) प्रेमकथा ४) मनोरञ्जन कथा ५) सामाजिक कथा ६)पौराणिक कथा मूलतः लोककथालाई तुलसी दिवसले १० भागमा विभाजित गरेका छन् । १) साँस्कृतिक ऐतिहासिक लोककथाहरू २) अर्ती उपदेशका लोककथाहरू ३) पशुपक्षीका लोककथाहरू ४) मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू ५) अतिमानवीय रुपका लोककथाहरू ६) दैवी लोककथाहरू ७) फलफूलका लोककथाहरू ८) धार्मिक लोककथाहरू ९) साहस र बहादुरीका लोककथाहरू १०) विविध लोककथाहरू । त्यसै गरी लोककथाका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथालाई ५ भागमा विभाजन गरेका छन् । जुन यस प्रकार छन्–  १) धार्मिक तथा सांस्कृतिक-ऐतिहासिक लोककथा २) मानवीय तथा

अतिमानवीय लोककथा ३) पशुपक्षीका लोककथा ४) दैवी लोककथा ५) विविध लोककथा ।

लोककथालाई अर्का लोकसाहित्यका अध्येता प्रा.डा. मोतीलाल पराजुलीले ४ भागमा वर्गीकरण गरेको पाइन्छ ।

१) पौराणिक लोककथा २) ऐतिहासिक लोककथा ३) सामाजिक लोककथा ४) अतिमानवीय लोककथा

यसरी यी विभिन्न विद्वानहरूको वर्गीकरणलाई आधार मानेर लोककथालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

१) सामाजिक लोककथा

२) ऐतिहासिक लोककथा

३) साँस्कृतिक तथा धार्मिक लोककथा

४) पौराणिक लोककथा

५) अतिरञ्जित लोककथा

६) पशुपंक्षीसम्बन्धी लोककथा

७) विविध

**१) सामाजिक लोककथा**

सामाजिक लोककथामा समाजको चालचलन, रीतिरिवाज, रहन–सहन आदिको मनोरञ्जनका साथै नैतिक उपदेश दिने खालका कथाहरू पर्दछन् । सामाजिक कथामा मानवीय पात्रको उपस्थिति हुन्छ । यस्ता कथाहरूमा  टुहुरा-टुहुरीको कथा, भाइभाइ बीचको भगडा, सौतासौता बीचको बेमेल जस्ता कुराहरु आएका हुन्छन् । सामाजिक लोककथा मानिसलाई वीर अनुशासित बनोस भन्ने उद्देश्यले सुन्ने सुनाउने पनि गरिन्छ ।

## २) ऐतिहासिक लोककथा

ऐतिहासिक लोककथामा इतिहासमा प्रसिद्ध रहेका वीर पुरुष, राजा– महाराजा आदिका कथा आउँछन् । यस्ता कथाहरूमा चलाखी, वीरत्व आदिका प्रसङ्ग ल्याई लोककथाका श्रोताहरूलाई हामी वीर ,बहादुर बन्नुपर्छ भन्ने सन्देश दिएको हुन्छ । ऐतिहासिक लोककथामा मठ-मन्दिर, देवीदेवताको उत्पत्तिसम्बन्धी किम्बदन्ती आदि आएका हुन्छन्।

## ३) सांस्कृतिक तथा धार्मिक लोककथा

यहाँका कथामा मन्दिर जाने पूजा–आजा गर्नेजस्ता धार्मिक अनुष्ठान सम्बन्धी कुराहरू आएका हुन्छन् । यहाँ विभिन्न जात–जाति र धर्मअनुसार जन्म देखि मृत्युसम्मका संस्कार कर्महरूका कुरा लोककथामा झल्किएका हुन्छन् । जस्तो कि यहाँ ऋषिपञ्चमी गरेमा महिनावारी हुँदा भएको छुवाछूतको दोष काटिन्छ भन्ने विश्वास गरिन्छ । यस्ता कथाहरूमा राम्रा काम गर्नेलाई वरदान र पापीलाई दुःख दिएका कथाहरू आएका हुन्छन् ।

## ४) पौराणिक लोककथा

पौराणिक लोककथामा पुराण, रामायण, महाभारत आदिका कथाहरू पर्दछन् । यस्ता कथाहरूले श्रोतालाई नैतिक दृष्टान्त एवम् अर्ती उपदेश दिने काम गर्छन् । पौराणिक लोककथा, सृष्टिचक्रका कथा, धार्मिक विश्वास आदिका कथाहरू आएका हुन्छन् ।

## ५) अतिरञ्जित लोककथा

यस्ता कथाहरूमा अलौकिक र काल्पनिक संसारका कथाहरू समावेश भएका हुन्छन् । अतिरञ्जित लोककथाका पात्रहरूमा धामी, झाँक्रि, बोक्सी, अप्सरा, देवता, राक्षस आदि पर्दछन् । यस्ता पात्रहरू काल्पनिक संसारमा विचरण गरेका हुन्छन् । अलौकिक र काल्पनिक पात्रहरू समावेश गराई पाठकलाई यस लोक भन्दा परको काल्पनिक संसारमा पुऱ्याएर मनोरञ्जन प्रदान गर्नु यस्ता खालका लोककथाको उद्देश्य हुन्छ ।

### ६) पशुपक्षीसम्बन्धी लोककथा

यस प्रकारका कथाहरूमा मानवेतर पात्रहरू पशु ,चराचुरुङ्गी आदिका कथाहरू समावेश हुन्छन् । मानवेतर पात्रहरू पनि आपसमा मन्छेको भाषामा बोलाइएको हुन्छ । तिनीहरूले बोलेको सुनेर मानिस अचम्म मान्दै मनोरञ्जन लिन्छन् । यस्ता पात्रहरूमा कुकुर, बिरालो, स्याल, भँगेरो, फिस्टो आदि पर्दछन् ।

### ७) विविध लोककथा

यी वर्गीकरणभित्र नपरेका विभिन्न  जातिका धर्म संस्कृति, बृक्ष, वनस्पतिका कथा लगायत अन्य थुप्रै प्रकारका कथाहरू विविध अन्तरगत पर्दछन् । समाजमा बच्चादेखि बूढासम्म सबैले उत्तिकै मनपराउने लोककथा समाजको प्रतिबिम्ब हो ।

## २.४ लोककथाको संकलन र अध्ययन परम्परा

लोककथा मानव सत्यताको विकास संगसगैं प्ररम्भ भएको पाइन्छ । भाषाको व्यवहार हुन थालेपछि लोककथा भन्न र सुन्न थालियो । भाषा लिखित रूपमा नआउँदै देखि समाजमा मौखिक परम्पराबाट ग्रहण गरि संकलन प्रकाशन गर्न थालिएको १९९६ पछि मात्र हो ।

१९७२ को पिनासको कथा नेपाली भाषामा लेखिएको पहिलो कथा मानिन्छ । १८७७ मा अंग्रेजी भाषामा लेखिएको नेपाली ब्याकरणमा मुन्सीका तीन आहानहरू प्रकाशित छन् । वनारसबाट बहत्र सुगाको कथा(१८८०),लालहीराको कथा (१८८८),स्वस्थानीव्रत कथा (१९४८), हरिश्चन्द्रको कथा (१९८२), तोतामैनाको कथा (१९८४), मधुमालतीको कथा (१९९६) आदि प्रमुख केही आख्यानात्मक कृति प्रकाशित भएका छन् ।

लोकव्यवहारमा प्रचलित लोककथाहरूको संकलन भने बोधविक्रम अधिकारीद्वारा सम्पादित १२लोककथाहरूको संकलन नेपाली दन्त्य कथा (१९९६) हो । यस पछि ललितजंग सिजापतिको दन्त्यकथा माला(२००३) मा १६वटा कथाहरू सग्रहित छन् । त्यस्तै सुवणशमशेरको दन्त्यकथा (२००५)मा परम्परा सम्वन्धी ९वटा कथाहरू प्रकाशित छन् । काजिमान कन्दङ्वाको आठ कथा(२०१०), जुजुमान कुस्लेको

सुनौला कथा(२०१६)त्यस्तै करूणाकर वैद्यको दन्त्यकथा संग्रह (२०२२), इमानसिंह चेम्जोङको किराती दन्त्यकथा(२०२१),हाम्रो संस्कृति पत्रिकाले लोककथा विशेषङ्क२०२०मा प्रकाशित गरि ४मालाहरू निकालेको छ । कर्णाली लोकसंस्कृति खण्ड ५(२०२८) मा प्रदिप रिमालले वालकथा लगायत कथाहरू संकलन गरेका छन् ।करूणाकर वैद्यको नेपालका लोककथा (२०२८) प्रकाशित भएको छ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट नेपाली लोककथा(२०३२), तुलसी दिवसको सम्पादनमा प्रकाशित भयो ।

त्यसपछि धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा संयुक्तरूपमा लेखिएको नेपाली लोकसाहित्यको विवेचना(२०४१)मा लोककथा बारे चर्चा गरिएको छ । शिवकुमार श्रेष्ठ किराती लोककथा(२०४७), प्रा.डा.मोतीलाल पराजुलीले नेपाली लोककथाका अभिप्रायको अध्यन(२०५४)मा विद्यावारिधि गरेका छन् ।त्यस्तै प्रा.डा. मोतीलाल पराजुलीले धर्मात्मा राजा नेपाली लोककथा संग्रह संकलन गरेका छन् ।

यसरी लोकसाहित्यको एउटा महत्वपूर्ण विधा लोककथाको अध्ययन भइरहेको छ । नेपाली लोकसाहित्यको विकासका लागि त्रि.वि. वि.ले लोकसाहित्यमा अध्ययन अनुसन्धान होस भन्ने उद्देशयले लोकसाहित्यलाई विद्यार्थीको स्वतन्त्र रूचि अनुसार शोधकार्य गराउँदै आएको छ ।

# अध्यय-तीन

# संकलित लोककथाहरू

## ३.१ पापको फल

एकादेशमा दुईजना बाबुआमा र तिनीहरूका दुईजना छोरीहरू थिए । बाबुआमाले बनीबुतो गरेर छोरी पालेका थिए । बाबुआमा उनीहरू सानै हुँदा मरे । केही समयता उनीहरूले गाँउमै मागेर खाई बिताउछन् । तर उनीहरूले लगाएको लुगा च्यातिएपछि वा फाटे पछि उनीहरू लाजले गाँउमा नबसी जंगल तर्फ लागे । जंगलमा गएर फलफूल तरुल आदि खाएर बाँचेका थिए । एक दिनको कुरो हो राजाका फौजीहरू जंगलमा गएका थिए । तिनीहरूले ती दुइ केटीहरूलाई देखे । त्यसपछि उनीहरूले ती केटी को रहेछन् भनेर बुझ्नको लागि बोलाउँदा ती केटीहरू फौजको अगाडि नपरी भागेका भागेकै गरे । फौजीहरूले केटीलाई भेट्नै सकेनन् र दरबार तिर फर्के । दरबारमा गएर जंगलमा केटी भेटेको र ती केटीहरू नग्न अवस्थामा भएकोले हामी जाने वित्तिकै कता लुके भन्ने कुरा फौजीले राजालाई भने । राजाले पनि केही दुःख नपरी त कोही जंगलमा नग्न अवस्थामा पस्दैन त्यसकारण भोलि फौज लिएर जंगल घेरा हालेर ती केटीको बारेमा बुझ्ने  सोच राखेर भोलिपल्ट फौज लिएर र ती केटीको लागि लुगा लिएर राजा जंगलतर्फ लागे । राजाले सोचेजसरी नै फौजीले जंगल घेरेर केटी भेट्टाएर उनीहरूलाई लुगा लगाउन दिए । लुगा लगाएपछि मन्त्रीले ती केटीलाई सोधे - “नानी हो ! तिमीहरू कसका छोरीहरू हौ ?”केटीहरूले भने-हामी ब्राहमणका छोरी हौं । फेरि मन्त्रीले सोधे -“तिमीहरूका मातापिता कहाँ हुनुहुन्छ ?”तिनीहरूले भने -“हाम्रा मातापिता परलोक भइसक्नु भयो । हामी घरमा खाने लाउने केही नभएर जंगल पसेका हौं । हामी जंगल पसेको आज बाह्र बर्ष भइसक्यो । बाह्रवर्षका तपस्याले तिमीहरू के गर्न सक्छौ ? भनेर मन्त्रीले सोधे । जेठी चाहिँले भनी म बाह्र वर्षका तपस्याले एक दिन एक मुठी दाल र एक मानो चामलले राजाका सम्पूर्ण  फौजलाई अघाउन सक्छु । कान्छीले भनी “बाह्र वर्षको तपस्याले मेरो गर्भबाट एउटा सुनको तारो भएको छोरो जन्मिनेछ । ती दुई केटीहरूलाई राजाले आफ्नो दरबार लिएर गए । दरबार लिएर गएको दुई तीन दिन पछि  धुमधामसँग ती दुई जना केटीसाँग राजाले विवाह गरे । त्यसको भोलिपल्ट

जेठीको परीक्षा भयो , अलिपर भान्सा बनाएर राजाले एक मुठी दाल र एक मानो चामल ठिक पारिदिए । यो रानीले कसरी पकाउँछे भनेर फौजहरू भान्साको वरिपरि बसे । राजाले आफ्ना देशका सम्पूर्ण देशबासीलाई खाना खानाकोलागि निम्तो गरे । तर एक मुठी दाल  र एक मानो चामलले सम्पूर्ण देशबासीलाई खाना खुवाइसकेपछि परीक्षा सकियो । अब कान्छीको परीक्षा आयो । कान्छीको छोरो जन्मिने बेला कान्छी बेहोस भई । एक दिन राजाका देशबासी अघाएर पो राजा म देखि खुशी छन् तर कान्छीको सुनको तारा भएको छोरो देखेर मलाई राजाले माँया गर्दैनन् भन्ने कुरा जेठीले सोची र कान्छीको छोरो जन्मिने वित्तिकै जुठेल्नामा फ्याँकीदिएर कपडाको झुम्रो राखिदिई । यो कुरा एउटा बूढी बाखीले थाहा पाएर उसले बालक केटोलाई आफ्नो पेटमा राखी । राजा आएर खोइ के जन्मियो भनी सोध्दा जेठीले झुम्रो भनिदिई । त्यसपछि राजाले रिसले कान्छीलाई दरबारबाट निकाली बाटाको छेउमा एउटा झुप्रो हाली दिई घोडाको लिदी सोर्न राखे । तर उता बाखीले त्यो छोरो आफ्नो पेटमा राखेकी छे भन्ने थाहा पाएर जेठीले त्यो बाखीलाई मार्ने निर्णय गर्छे । बाखीले आफू मर्ने अघिल्लो रात त्यस छोरो भेडीलाई दिन्छे । भेडीले पनि केही समय त्यो छोरालाई आफ्नो पेटमा राख्छे । तर जब त्यो छोरो भेडीसँग छ भन्ने जेठी रानीले थाहा पाउँछे तब यो भेडीले मलाई हानी भनेर त्यो भेडी पनि काट्न लगाउँछे ।  भेडी आफू मर्ने कुरा थाहा पाएर त्यो छोरा गाईलाई दिन्छे । केही महिना पछि गाईले पनि त्यो छोरालाई बाहिर निकालेर खेलेको जेठी रानीले देख्छे र गाईलाईपनि मार्न लगाउँछे। गाईले त्यो छोरो हात्तीलई दिन्छ । अठार महिनासम्म हात्तीले आफ्नो पेटमा राख्छ । हात्तीको पेटसम्म आइपुग्दा त्यो छोरो ठूलो भइसकेको हुन्छ । हात्तीले त्यस छोरालाई तेरी आमा को हो ? भनेर सोध्दा सात वटा राडी बाहिर जो बस्छ र मेरो मुखमा सातवटा राडी छेडेर जसको दूधको सिर्का मेरो मुखमा आइ पुग्छ त्यो नै मेरी आमा हो भन्नु भनेको थियो । हात्तीलाई पनि जेठी रानीले मार्न लगाउँछे । हात्तीले त्यस बच्चालाई घोडालाई दिन्छ । त्यो छोरो ठूलो भइसकेपछि निधारमा कालो टालो बाँधेर त्यही वायुपङ्खी घोडामाथि चढी मागेर खाई अर्कै देशमा पुग्यो । त्यस देशका राजकुमारीको विवाहकोलागि अनेकौं देशका राजकुमारहरु आउछन् । त्यस घोडाले त्यो केटोलाई  पनि लग्यो । सबै वरिपरि बसे । सबै राम्रा लुगा लगाएर बसेका थिए । राजकुमारी फूलको माला लिएर विवाह गर्नका लागि आइपुगी तर सबै राम्रा भएकाले कस्लाई लगाइदिनु भनेर अलमल्लमा परी । त्यसपछि उसले हात्तीलाई आफ्नो बर रोजिदिन अनुरोध गरी । हात्तीले आफ्नो सुँड घुमाएर माला फाल्दा माला त्यस

केटाको गलामा पऱ्यो । सबैले त्यस्तो केटासँग विवाह नगर अर्कै केटो रोज भने, तर राजकुमारीले मानिन । राजाले टुँडिखेलमा घोडाजात्रा गर्ने र जसको घोडा प्रथम हुन्छ त्यही सँग विवाह गर्नु भनेर राजकुमारीलाई भने । सबै वायुपङ्खी घोडा तयार गरी सबै घोडा हिंडेको पाँच मिनेट पछि मात्र त्यो केटो हिँड्यो तर पाँच मिनेट अगाडि नै आइपुग्यो । बढी हावाले गर्दा त्यो निधारको टालो हावाले उडाएर लग्यो र उसको निधारको सुन टल्कियो । त्यसपछि राजकुमारीको बिहे त्यो केटा सँग भयो र आनन्दले बस्यो । केही दिन पछि राजाले त्यो केटालाई उसका आमाबाबुका बारेमा सोधे तर त्यो केटालाई आफ्ना आमाबाबु को हुन भन्ने थाहा थिएन तर उसले हात्तीले भनेको कुरा सम्झ्यो र भन्यो । राजाले पनि सातवटा राडी खापेर सबै देशका आइमाईलाई उपस्थित गराए । तर कोही पनि आइमाईको दूधको सिर्का सातवटा राडी छेडेर त्यस केटोको मुखमा परेन । एक दिन राजाका फौजीहरूले अर्को देशमा एउटी आइमाई तीतेपातीको झुप्रो हालेर बसेकी छे भन्ने थाहा पाएर ती आइमाईलाई लिन उनको घर गए । ती कान्छीले “म घोडाको लिदी सोहोर्ने, म झुम्रो जन्माउने कहाँ त्यस्ता महाज्ञानी राजाकहाँ जानु, त्यसकारण म त्यहाँ जान्न भनिन् ।” फौजीले अनेक ढिपी गरेर उनलाई एक जोर लुगा किनिदिएर लगाउन दिएर साथमा त्यो देशमा लिएर गए । जब ती कान्छी (आइमाई) राडीको पछाडि मात्र के पुगेकी थिइन अचानक सातवटा राडी छेडेर दूधको सिर्को त्यस केटाको मुखमा पुग्यो । राजाले त्यस आइमाइलाई तिम्रो छोरो यो हो भन्दा उनले मेरो गर्भबाट त झुम्रो जन्मेको थियो यो मेरो छोरो कसरी भयो भनिन् । झुम्रो पाएको थिएँ भनेको सुन्दा राजा छक्क परे र सुडेनी को थियो भनी सोधे । उनले आफ्नी दिदी सुडेनी थिइन् भन्ने बित्तिकै राजाले केही फौज पठाएर कान्छीकी दिदीलाई ल्याउन लगाए । राजाले जेठीबाट सबै कुरा बुझे । जेठीले आफूले गरेको गल्ती सबै बताइन् । त्यसपछि राजाले सारा बृतान्त थाहा पाई कान्छीसँग आफूले गरेको गल्ती बारेमा माफ मागी जेठीलाई देश निकाला गरी राजा, रानी, छोरा बुहारी आनन्दले बसे ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला

भन्ने बेलामा सरासर आइजाला ।

## ३.२ नाङ्गेको जुक्ति

एकादेशमा दुई जना बाहुन बाहुनी असाध्यै धनी थिए । उनीहरूसँग प्रशस्तमात्रामा धनसम्पत्ति थियो । धनसम्पत्तिमात्र भएर के गर्नु ? तर दु:खको कुरो उनीहरूमा सन्तान थिएनन् । सन्तानका निमित्त ती बाहुनी कति तीर्थब्रत , मठ-मन्दिर, पूजा–आजा गर्दा समेत कुनै उपाय लागेन । उनीहरू असाध्यै दु:खित भए । एक दिनको कुरा हो ती दम्पती एक आपसमा सल्लाह गर्न थाले । विचार सम्म गरी एउटा निचोड निकाले । सम्पत्तिमात्र भएर नपुग्दो रहेछ । यो सम्पत्तिको कुनै उपाय लागेन । उनीहरू असाध्यै दु:खित भए । एक दिनको कुरा हो ती दम्पती एक आपसमा सल्लाह गर्न थाले ।यो सम्पत्तिको कुनै अर्थ नै भएन, अब यो सम्पत्तिलाई दान दक्षिणा गरी ईश्वरको भक्तिमा लागी त्यस स्थानबाट दुई दम्पत्तिको जीवन कमण्डलु र चिम्टाको सहायता लिएर शिव-पार्वतीको झैं रूप लिएर कन्दमूल खोज्दै जङलतिर प्रस्थान भए । त्यो जङ्गल असाध्यै भयानक र डरलाग्दो थियो । त्यस जङ्गल भित्र विभिन्न किसिमका  जीव–जनावरहरूको बासस्थान थियो। साथै त्यही जङ्गलमा एक ओडारको सहारा लिएर त्यहाँ बस्न थाले । समय बितेको थाहा नपाइकन ती बाहुनी बज्यै गर्भवती हुन पुगिन तर समयले कसैलाई वास्ता नगरीकन आफ्नै गतिमा दैडिरह्यो । बाहुनी बज्यैको गर्भवाट बच्चा जन्मियो । त्यो बच्चा अति नै राम्रो कुशल थियो । दुई बाबुआमाले बच्चाको भविष्य माथि सोच्न थाले । तर उनीहरूसँग त्यहाँ सम्पत्ति थिएन । सबै दान गर्दैमा सकिएको थियो, त्यो बच्चालाई पालनपोषण गर्ने सामार्थ्य नभएकोले दूधेबालकलाई छोड्नु सिवाय कुनै उपाय भएन । त्यसैले बाहुन– बाहुनी मुटुमा पीडा बोकी निष्ठूरी भई त्यही जंगलको ओडारमा बालकलाई छोडी गए । तर त्यस जङ्गलमा मृगको ठूलो वथान थियो । त्यस बथान मध्ये एउटी मृगिणीले बच्चा जन्माएकी थिई तर सबै बच्चाहरू मरेका जन्मिएका

थिए, त्यसैले त्यो मृगिणीको फाँचो धेरै गान्निएको हुँदा ऊ त्यही ओडारको आसपासमा मडारिन थाली । त्यसै ठाँउमा बच्चा पनि अति भोकाएर रोइरहेको थियो । अनि मृगिणी मडारिँदै गर्दा मृगिणीको दूधको थुन बच्चाको मुखमा पर्न गयो । बच्चाले मृगिणीको गानिएको दूध सनक्कै खाइदियो । त्यस्तै क्रममा दिनहुँ दिन बित्तै गयो । बच्चा पनि समय सँगसँगै हुर्कदै गयो । बढ्दै गयो । बच्चा मृगिणीको अघिपछि गर्दै खेल्न थाल्यो ।

एक दिनको कुरा हो त्यस जंगलमा राजाका मन्त्रीगणहरू सिकार खेल्न भनी आएका थिए । तर त्यस जङ्गलमा मृगिणीसँग सानो बालक अघिपछि कुदिरहेको अनौठो दृश्य देखे । त्यसपछि यो खबर राजदरबारमा फैलियो र राजाको आदेशअनुसार त्यस बालकलाई चारैतिरबाट घेरेर समाते । अनि राजदरबारमा पुऱ्याए । बालकको नग्न शरीरलाई ढाक्नका निमित्त विभिन्न किसिमकाबस्त्रहरू पहिऱ्याए । त्यस बालकले कपडा लगाउन मानेन । कति गर्दा पनि उनीहरूले लगाइ दिएको कपडा फर्काइदिएपछि अब के गर्ने भन्ने चिन्ता पऱ्यो । जति लगाइदिएपनि फ्याँकि हाल्छ । यसलाई कसरी बानी बसाल्ने भन्ने बिचार गरे । यतिकैमा राजाकी छोरीले भनिन् :- “पिता महाराज ! म यसलाई बानी गराउने छु” भनी निडर भइन् । दिनदिनै उनले सरसफाइ गरी लत्ता कपडा लगाई बानी बसालिन् । कोठामै बस्ने, कोठामै पढ्ने सिक्ने त्यस्तै हुँदौ बालक लक्का जवान भयो ।

एक दिनको कुरा हो अर्को देशको राजाले धम्कीका साथ सन्देश पठायो । सन्देश यस्तो थियो कि यो पठाएको सामानको सही उत्तर आएन भने त्यो राज्यपनि मेरै हुनेछ । सही उत्तर आए मेरो राज्य तिम्रो हुनेछ । भन्ने सन्देश थियो । प्रश्न नः १) यस्तो थियो । दुईवटा घोडा पठाएका थिए । एउटै रङ्ग, लम्बाइ, चौडाइ, मोटाइ एउटै भएका जुम्ल्याहा जस्ता माउ र बच्चा थिए । कोही कसैलाई पनि छुट्याउन असाध्यै गाह्रो थियो । यस विषयले गर्दा राजा धेरै चिन्तामा परे । सारा दरबार भित्र कोलाहाल मच्चियो । कसैले पनि छुट्याउन सकेन । त्यसै कुरामा राजकुमारी पनि चिन्तित थिइन् । त्यसै बेला नाङ्गेले राजकुमारीको अँध्यारो अनुहार देखेर प्रश्न गर्न थाल्छ । “ के भो तिमीलाई, आज किन यस्ता देखिन्छौ ? मलाई भन । म त्यो दुःखमा सहयोग गर्न सक्छु कि ?” भनी नाङ्गेले भन्यो । त्यसपछि राजकुमारीले सबै बिवरण बताइन् । नाङ्गेको लागि त्यो कुनै गाह्रो विषय थिएन । उसले सजिलै सँग जबाफ दियो । एक नम्बरम दुवै घोडालाई निक्कै गल्ने गरी दौडाउनु पर्छ त्यसपछि घोडालाई तिर्खा

लाग्छ । त्यसपछि दुबै घोडालाई नदीमा लैजानुपर्छ । आमा घोडाले अगाडिका दुई वटा खुट्टा पानीमा पर्ने गरी पिउने गर्छे भने बच्चा घोडा नदीमा डराउँछ र टाढाबाट लम्किएर पानी पिउँछ, त्यसैगरी माऊ र बच्चा छुट्टिन्छन् । अनि यो कुरा पितामहाराजलाई राजकुमारीले सुनाउँछिन् । त्यस प्रश्नको सही जवाफ हुन्छ र यो कुरा नाङ्गेले भनेको हो, भन्ने कुरा थाहा हुन्छ र राजाले आफ्नी छोरी उसैसँग धुमधामका साथ विवाह गरी त्यस राज्य उसैलाई घोषित गरी दिन्छन् ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला

भन्ने बेलामा सरासर आइजाला ।

## ३.३ लोभको परिणाम

एकादेशमा दुई जना बूढाबूढी थिए । उनीहरूका घरमा एक जोर भँगेरा र भँगेरी बसेका थिए । बूढी आमा चाहिं साह्रै लोभी थिइन् तर बूढा बाबै साह्रै मजाका थिए । एक दिन भँगेराका बच्चा भए । बूढा बाबैले ती बच्चालाई खान दिए । तर ती बूढी आमैले भनिन्–" यी बजियाका साँढेलाई खान दिएर के गर्नु ? न आफ्ना बच्चा हुन्, न केही हुन्, न केही काम गर्ने सघाउछन् "भनेर ती बूढी आमै रिसाइन् । ती भँगेरा भँगेरीले आफ्ना बच्चलाई खान ल्याएको खानेकुरा पनि बूढी आमैले फालिदिन्थिन् तर अचानक एक दिनको कुरा हो ती बूढी आमैले घरमा भएका लुगाफाटा धोएर घाममा सुकाइराखेकी थिइन् । तर ती भँगेराका बच्चले त्यो लुगामा आइबसेर बिष्टयाइ दिएछ । ती बूढी आमै सधैं जसो झैं रिसाउने गर्थिन तर अब झन् रिसको सीमा नै रहेन । ती बूढीआमैले खोजीगर्दा नजिकै खुकुरी भेट्टाइन् र त्यो भँगेराका बच्चको खुट्टो काटिदिइन् । त्यो भँगेराको खुट्टा भरि रगतै रगत भएर चिर चिर कराउन थाल्यो । यो कुरा पोथी भँगेरी र भाले भँगेरालाई थाहा भयो । उनीहरू लाई नपर्नुसमेत चोट पऱ्यो । उनीहरूले त्यो घर छाडेर वनतिर जाने बिन्ती बूढा बाबैसँग बिसाए । ती बूढाबाबैले तिनीहरूलाई तिमीहरू नजाऊ यहीँ बस भने । तिमीहरुलाई मैले के गरे र ? आमाको कुरा सुनेर तिमीहरूलाई ठूलो चोट पऱ्यो

होला । "बावु हो, तिमीहरू यहाँबाट गयौ भने म पनि यहाँ बस्तिन" भने । तर बूढी आमैले आउने जाने मानिसलाई म बुवालाई सम्झाएर राखिहाल्छु नि"भनी ती कञ्जूस आमैले बिदा दिइन् । दुईचार दिन त बाबै घरमै बसे तर त्यसपछि उनलाई खटपटी भयो र बूढीलाई घर रुँगेर बस म ती बिचरा भँगेरा भँगेरी के गर्दैछन् ? के खाँदैछन् बुझेर आउँछु भनी गए । बाटामा जाँदै गर्दा ती बूढा बाबै एउटा घनघोर जङ्गलमा पुगे । त्यहाँबाट हेर्दा पर एउटा गुँड देखे । त्यो पक्कै पनि उनीहरू नै हुनुपर्छ भनेर बाबै गए । साँच्चै त्यो त तिनीहरू नै रहेछन् । त्यहाँ उनीहरू खुशीका साथ बसेका थिए । भँगेराका बच्चाले हजुरबुबा आउनु भयो हजुरबुबा आउनु भयो भनी खुसी भएर उनीहरू बाबैलाई सबैले बाटामै लिन गए त्यसपछि उनीहरूमा खुशीको सीमा नै रहेन । साँझ पर्न लागेपछि सारा जङ्गलका चराचुरुङ्गीलाई हाम्रा हजुरबा आउनुभयो भनेर सुनाए । त्यो रात खुशीका साथ बिताए । उज्यालो भएपछि ती बाबैले भने "नानी हो ! अब उज्यालो भयो, म घर जान्छु भने । तिनीहरूले भने - "हजुरबुबा गरुम (गह्रौं) बाकस लाने कि हलुङ । ती बाबैले भने, "तिमीहरूले दुःख गरेर कमाएको म हलुङ बाकस नै लान्छु । भनेर त्यहाँबाट बिदा भएर पर गए । उनी घर पुगेर बाकर खोल्दा त्यहाँ सुन, चाँदी, हीरा, मोती पो रहेछ । त्यो सम्पत्तिले गर्दा बूढा बाबै सम्पन्न भए । यो देखेर ती बूढी आमैलाई पनि लोभ लागेर सोधिन् , "यो कहाँबाट ल्याउनु भएको हो ?" सोझा बाबैले सबै कुरा बताएपछि आमै पनि त्यहाँ जान्छु भनी गइन्, त्यहाँ उनी त पुगिन् तर उनलाई वास्ता नै गरेनन् र खाना सुत्न पनि राम्रो दिएनन् । उज्यालो भएपछि घर जाने विचार गरिन् तर उनको भनाइ प्रति कसैले वास्ता नै गरेनन् । उनले आफै भनिन् , "नानी हो ! मलाई पनि हजुर बुबालाई दिएको जस्तै सामान देऊ न ।"उनीहरूले आमैलाई "गह्रौ बाकस लाने कि हलुङ बाकस लाने भने ।" आमैले म गरुङ्गै लान्छु भनिन् र बूढी त्यहाँबाट बिदा भएर गइन् । घर पुगेर बाकस खोलेर हेर्दा त त्यहाँ बिषालु बिषालु जीबजन्तु रहेछन् तिनीहरूले बूढी आमैलाई खाए र बूढी आमै परलोक गइन् ।

## ३.४ सुनको स्याउ फल्ने रुख

एकादेशमा एक जना प्रतापी राजा थिए । उनका तीन जना छोराहरू थिए । त्यस राज्यमा एउटा स्याउको बोट थियो । त्यस बोटमा सुनको स्याउ फल्दथ्यो सो स्याउको कारणले देश विकसित हुदै गएको थियो । तर अचानक सुनको स्याउ हराउन थाल्यो । स्याउ हराउनुको रहस्य बुझ्न राजाले सेना खटाए तर पनि पार

लागेन, यो कुराले दरबार भरि खैलाबैला मच्चियो र सो कुरा जेठा राजकुमारले आफै स्याउ रुग्ने कार्य गरे तर पार लागेन, यो कुराले दरबार भरि खैलाबैला मच्चियो र सो कुरा जेठा राजकुमारले थाहा पाए त्यसपछि स्याउ रुग्नलाई कान्छा राजकुमार पालैसँग बसे । उनी निक्कै चलाख र बुध्दिमानी थिए ।

कान्छा राजकुमारले आफू त्यस दरबारमा रहेको दुःखमा सहभागी हुन्छु भनेर पितालाई बताएर उनी स्याउ रुँग्ने भए । त्यस बेलुका उनले विचार गरे त्यत्रो रुँग्दा पनि चोर्न सिपालु चोर को होला भन्ने विचार गरी उनी रुँग्न बसे । उनी बस्दा स्याउको रुखमा चढेर बसे । रात छिप्पिए पछि उनलाई निन्द्राले च्यापेर साह्रै पाऱ्यो । उनी चलाख भएको कारण उनी रुखबाट ओर्लेर मुख धोई पुनः रुखमा चढे । रातको एक बजे उनलाई कतै कोही आए जस्तो आवाज आयो झटपट यता उति हेर्दा त एउटा चरोले स्याउ टिप्न लागेको उनले देखे । चरो पक्रने् सुरमा उनले चरोतिर हात लम्काए । चरो उड्न खोज्दा पखेटाको एउटा प्वाँख राजकामारले समाते । चरो उड्यो र त्यो रात त्यतिकै बित्यो । भोलिपल्ट बिहानै राजालाई राजकुमारले रातको सारा कुरा सुनाए । त्यो कुरा सुनेर प्रशन्न त भए तर त्यो एउटा प्वाँख हेर्दा यति राम्रो बुट्टाभएको  जुन संसारमा बहुमूल्य छ ।

रातदिन सुनको स्याउ चोर्ने त मानिस नभएर फायर बर्ड रहेछ । यो कुराले सबैलाई हाँसो  (मजा) बनायो । राजाले झ्याली पिटाएर भन्न लगाए। जस्ले फायर बर्ड मलाई ल्याएर दिन्छ त्यसलाई आधा राज्य सुम्पिने छु भनेर राजाले हुकुम गरे । त्यतिबेलासम्म देशको परिस्थितिले बेग्लै मोड लियो । जेठा र माइला राजकुमार आधा राज्य पाइने लोभले फायर बर्ड खोज्न जान्छु  भनि निस्किए । "दाजुहरू त गए भन्दा राजाले कान्छा राजकुमारलाई धेरै सम्झाए तर पार लागेन ।  अन्त्यमा राजकुमार त्यहाँबाट खोजीमा हिँडे । जाँदा जाँदै वनको बाटो तीनबटा बाटो भेटियो । उत्तरतिर जाँदा मृत्यु हुने, दक्षिणतिर जाँदा साधन हराउने र पूर्वतिर जाँदा आफै हराउने तर कान्छा राजकुमार चलाख भएकोले उनी साधन हराउने बाटोतर्फ लागे । बाटामा जाँदा आफूसँग भएको खाना–पिना खोज्दा गायव भएर पनि उनी हार खाएनन् । जाँदा जाँदा गिईसँग भेट भयो । गिई त्यस जंगलको सम्राट रहेछ । राजकुमारले आफ्ना परिचयका साथ दरबारमा भएको घटना सुनाए । त्यस पछि  ती सम्राटले राजकुमारलाई सहयोग गर्ने बाचा गरे र उनीलाई चरा कहाँ थियो भन्ने कुरा थाहा थियो । चरालिन धेरै टाढा नौलो देशमा जानु पऱ्यो । एउटा ठूलो घरमा त  धेरै

माथि पिञ्जडामा थुनेर खानेकुरा राजकुमारलाई सम्राटले पठाए । राजकुमार चरा लिन गए । चरा ल्याउन धेरै कठिन रहेछ । लिस्नाको भरले ल्याउँदा महलका ( राजदरबार) अधिकारीहरूले देखेर उनलाई समाते उनले सारा बृतान्त सुनाए । त्यस ठाँउका राजाले उनलाई फलानो देशमा बाइपङ्खे घोडा लिएर आएमा चरा दिने बाचा गरे । उनीहरू दुबै घोडा लिन गए, घोडालिन धेरै कठिन रहेछ । घोडाको गोठमा गएर घोडा फुकाल्दा गोठालाले देखेर समाते । फेरी राजकुमारले त्यस देशको राजालाई सारा बृत्तान्त सुनाए त्यसपछि राजाले फलानो देशमा गएर एउटी राजकुमारी छे त्यसलाई ल्याएमा घोडा दिने बाचा गरे । त्यसपछि दुईजना त्याहाँबाट हिंडे । त्यहाँ पुगे पछि गिइले राजकुमारलाई भन्यो । राजकुमार तिमी यहीं बस म गएर राजकुमारीलाई ल्याउँछु । अति शक्तिशाली गिई रानीको सेविकाको भेष गरेर उनलाई हेरेर ल्याए तर राजकुमार–राजकुमारीको भेट भएपछि उनीहरू एक आपसमा प्रेम गर्न थाले । त्यहाँबाट भागेर ती तीनजना घोडा भएको राज्यमा पुगे । दरबार अगाडि पुगेपछि राजकुमारले राजकुमारी नदिने बिचार गरे र गिईलाई राजकुमारीको भेषमा देखेर दरबारमा हाजिर गराए । गिईरुपी राजकुमारी भेष जिम्मा र घोडा र राजकुमारीलाई लिएर राजकुमार त्यहाँबाट हिँडे । त्यो देशको सिमाना पुगेपछि गिई पनि  आफ्नो भेष बदलेर उडेर आउँदा राजा छक्क परे फेरी ती तीनजनाको भेट भयो । राजकुमारलाई घोडा पनि लोभ लाग्यो । फेरि गिईलाई घोडाको भेष बदलेर लिएर राजकुमार गए । गिईरुपी भेषलाई राजकुमारले फायर बर्ड सँग साटेर उनी त्यहाँबाट हिडे । घोडा, राजकुमार, राजकुमारी र फायर बर्डसँग गिईको भेट भएपछि राजकुमार–राजकुमारी विवाह गर्छन् । त्यसपछि उनीहरू त्यहाँबाट  आफ्नो प्राप्ति हासिल गरेर राजदरबार तर्फ लाग्छन् । घोर वनमा उनीहरू थाकेर विश्राम लिन्छन् । त्यसबेला गलेको सुरमा उनीहरू निदाउने र जेठा र माइला राजकुमार त्यहीबाटो आइरहेको बेला कान्छा भाइ, युवती , बाइपङ्खी घोडा र फायर बर्ड देखेर ती र राजकुमारको मनमा पाप चिताउन थाल्छन्। तिनीहरू आफ्नो सुरक्षाका लागि ल्याएको तरबारले भाइको हत्या गर्छन् र राजकुमारी, बाइपङ्खी घोडा, फायर बर्ड दिलाएर जान्छन् । कान्छा राजकुमारको हत्या भएको कुरा उनीहरूले राजकुमारीलाई राज्यमा नभन्नु भनेर धम्की दिए । त्यसपछि महलमा  ती पापीहरूको जय–जयकार गरियो । यो सफलता देखेर राजा मख्ख परेका थिए । दुबैले आधा राज्य त पाउने भए, राजकुमारीको जीउमा कस्ले विवाह गर्ने भनेर  विवाद भयो । उता कान्छा भाइको हालत गिईलाई थाहा हुन्छ ।

गिई त्यहाँ आउँदा कान्छा राजकुमारको मूढो शरीर बाहेक त्यहाँ केही हुँदैन । राजकुमारी, घोडा, चरा भएपछि राजकुमारको हत्या भएको देख्दा उनको मनमा पर्नु पिर पर्छ । गिईले अव के गर्ने भन्ने सोचविचार गर्छ र उसको मीत सम्झन्छ । उसका मीत गधा पर्वतका राजा हुन्छन् । उनको जरिबुटीले मरेका जीवको उद्धार हुन्छ । गिईले आफ्नो मीतलाई डाकेर ल्याउछन् । गधा आएर औषधी गरेपछि केही दिनमा होस खुल्छ ।

त्यसपछि त्यहाँबाट जाने कुरा राजकुमारले गिई र गधालाई भन्दछन् । त्यसो भन्दा गिईको मनमा कुरा खेल्छ । एकछिन पछि गिई पनि राजकुमार सितै जान्छु भनेर बिन्ती गर्छन् । त्यसपछि गधालाई राजकुमारको औषधी गरेर बचाएकोमा कहिल्यै नबिर्सने बचन दिन्छन्।त्यति भएपछि ती राजकुमार र गिई त्यहाँबाट हिँड्छन् र उनीहरू दरबार पुगेपछि जेठा माहिलाको सातो उड्छ । राजकुमारीले स्वामी भनेर कान्छा राजकुमारलाई ढोग्दा राजा, जेठा राजकुमार, माहिला राजकुमार, गिई र महलका सारा छक्क पर्छन् । कान्छा राजकुमारले आफ्नो सारा घटना राजालाई सुनाएपछि जेठा र माइला राजकुमारको जन्मकैदको सजाय राजाले फैसला गर्छन् । त्यस पछि गिईले गरेको उपकारको लागि जति मागे पनि दिने प्रतिज्ञा गर्छन् ।

गिईले आफ्नो पुरस्कारको बदला उनी पनि राजकुमारसँग बस्ने कुरा राजालाई बिन्ती गरे र उनीहरू मिलेर बसे र कान्छा राजकुमारलाई राजाले राजा बनाए र कान्छा राजकुमारले गिईलाई मन्त्री बनाए र राज्य चलाए र सुनको स्याउ कहिल्यै हराएन र उनीहरू ढुक्क भएर बसे ।

## ३.५. भूत र तीन माग्नेको कथा

एकादेशमा तीनजना माग्ने थिए र उनीहरू मध्ये एक जना बाहुन थियो ऊ डरछेरुवा थियो । एक दिन तिनीहररू एक–एक तिर माग्न हिडेछन् । उनीहरू तीनवटा बाटो भएका ठाँउमा पुगे । एउटाले माग्दा तेल पाएछ र अर्कोले माग्दा ठेकीमा दही पाएछ र एउटाले हलो पाएछ । त्यसपछि ती तीनैजना एकठाँउमा भेट भएछन् र तीनैजना एउटा नजिकैको घरमा बास माग्न पुगेछन्, त्यहाँ वरिपरि अरु कसैका घर थिएनन् त्यहाँ एउटी बूढी आइमाई थिई, त्यसका तीनवटी छोरीहरू थिए । बूढी आइमाइले बास माग्दा मेरा तीनबटी छोरी सँग विहे गर्नुपर्छ भन्दा तिनीहरू डराए । उनीहरूका पनि स्वास्नी रहेछन् । उनीहरूले सोधेछन् “यहाँ कतै बास छैन

?” बूढी आइमाईले  भनिन् -“ऊ त्यो भूतको ओडारमा छ ।” अनि त्यो डरछेरुवा बाहुनले भन्यो नजाम त्यहाँ भूत छ । हामीलाई  खान्छ । तिनीहरू जंगलतिर लागे । जङ्गलमा उनीहरूले सुत्ने ठाँऊ भेट्टाएनन् । उनीहरू झाडीमा सुते । उनीहरूलाई न्यानो लागेछ । उनीहरू  भाते निन्द्रामा  सुते । एउटा बाघले तिनीहरूको गन्ध थाहा पाएछ । त्यो बाघले जंगलमा भएका सबै बाघलाई बोलाएछन्, सबै बाघहरू आएछन् । उनीहरूलाई झाडीमा सुतेकाले यिनीहरूलाई बाघले देखेनछन् र त्यहाँको बाहुनले थाहा पाउँछ । बाहुन हतार–हतार उठी दुबैजना साथीलाई कोट्याउन थालेछ । ती तीनैजना उठी तिनीहरू सबै रुखमाथि चढेछन् र लुकेछन् । त्यहाँ बाघ पनि काँध माथि काँध गरेर बसे । तर डरछेरुवा बाहुन चाँहि सबैभन्दा मुनि बसेछ उनी  माथि एउटा बाठो बसेछ त्यस्को काँध माथि अर्को  बाठो बसेछ । अनि बाघ पनि काँध माथि काँध गर्दै आएछन् र बाहुनको छेउमा आइपुगेछन् । बाघ देखि डराउछन् बाहुनलाई खपिसक्नु भएनछ र बाहुन त्यहाँबाट बाघ माथि झरेछ । ती बाघहरू सबै लडेछन् त्यहाँ मुनि बसेको बाघ चाहिं कति खेर झर्छ र खान्छु भनेर बसिरहेछ । माथिका सबै बाघ बाहुनले थिचेर झरेर त्यहाँका बाघहरू भागे । तीनै जना माथिबाट झरेपछि त्यो बाघले सोचेछ । यो डरछेरुवा बाहुनले म भन्दा दह्रा साथीहरूलाई एकै चोटिमा झारिदियो  तीनै जना यहाँ छन् म एक्लै छु । अब यिनीहरूले मलाई मार्छन् भनेर त्यो बाघ पनि भाग्यो । तिनीहरू फेरि बास खोज्न गएछन् अनि काहीँ नभएर ती बूढीकोमा पुगेछन् । फेरि बास मागेछन् । त्यो बूढीले लौ मेरी छोरीसँग विहे गर्नुपर्छ भनी । अनि तिनीहरूले सोधेछन् । अन्त बास कहाँ पाइन्छ ? फेरि त्यो बूढीले भनिछे । “भूतको ओडारमा पाइन्छ” अनि बाहुनले फूर्ति लगाउन थालेछ । “त्यत्रो बाघलाई त हामीले जित्यौ झन् त्यो जाबो एउटा भूत” भनी बाहुन त्यतातिर लागेछ , ती दुई जना पनि सँगै गएछन् र त्यहाँ माकुराको जालो सफा गरेछन् र सुतेछन् । दही खाँदै सुतेका तिनीहरू बाहुन चैं भूतको खाट माथि सुतेछ । भूत त्यतिबेला खाटमुनि रहेछ । भूतले खाट उचाल्दा बाहुनले थाहा पाउछ अनि फेरि बाहुन उठेर कोट्याउन थालेछ र दुई जना साथी उठेछन् । अनि फेरी भूतले खाट उचाल्दा बाहुनले थाहा पाएछ अनि फेरी भूतले खाट उचालेछ तीनैजना भागेर कोठाभित्र गएछन् । अनि भूत पनि आएछ । तिनीहरूले ढोका थुनेर बसेछन् त्यहाँ पनि भूत आएछ अनि सोधेछ -“तिमीहरू किन मेरो ओडारमा आएको म तिमीहरूलाई अब खान्छु । ” भन्यो, अनि बाठोले भनेछ, “ म तिमीहरू भन्दा खतरा भूत हुँ आज म तलाई खान्छु । ”

त्यो भूतलेफेरि सोध्यो “ तैले मलाई खान्छस भने तेरो थुक फालेर देखा” भनेर भन्यो । अनि त्यो बाठोले भन्यो तँ नै थुकेर देखा” त्यति भन्ने वित्तिकै च्यान भूतले थुकेछ । बाठो माग्नेले सबै दही पोखाएछ अनि भनेछ “ तैले खाँदाखेरि तेरो भुँडी कत्रो छ एकचोटी  पड्काएर देखा त ! अनि भूतले भूँडी पड्कायो । बाठो माग्नेले डोल ड्याम ड्याम् हानेछ अनि डम् डम् बजेछ अनि भूत तर्सेछ र भूतले भनेछ, “ तेरो  मलाई खाने दाह्रा कत्रो छ ? देखा त ! अनि बाठोले भन्यो तँ सुरुमा देखा अनि म देखाउँछु । भूतले त्यसको दाह्रा ढोकाको काठबाट दुलो पारेर देखाएँछु भनेछ । भूतले त्यसको दाह्रा ढोकाको काठबाट दुलो पारेर देखाएछ त्यसको दाह्रा डटपेन जत्रो रहेछ अनि त्यो भूतले भनेछ एकचोटी तेरो दाह्रा देखा त अनि त्यो बाठोले हलो को फालीले डोकाको दुलोकाटी ड्याम्म हातले ढोकाको पल्लोपटि छेडेर भूत भए ठाँउमा पुऱ्याएछ र भूत तर्सेर भागेछ त्यसपछि ती माग्नेहरू मिलेर त्यहाँ बसेछन् ।

## ३.६. झिल्के–मिल्के पहिरनको राजकुमार

एकादेशमा एउटा राजा थियो । त्यस राजाकी एउटी रानी थिई । तिनीहरूका छोराछोरी थिएनन् । छोराछोरी नभएर उनीहरू साह्रै चिन्तित थिए । एक दिन घरमा कुनै एक जना जोगी आएछ । रानीले त्यसलाई चामल दिइन् , जोगीले भनेछ “ म यस्तो बाँझोपन भएको आइमाईबाट भिक्षा लिन्न । “ र जोगीले भनेछ - म एउटा उपाय भनिदिन्छु ।” त्यसले तिम्रो बच्चा हुनेछ र सोह्र बर्षको  बच्चा भए पछि मलाई दिनुपर्छ भनेछ । र रानीले ‘हुन्छ’ भन्छे र जोगीले मरिचको दाना दिन्छ र जहिल्यै चियामा हालेर खानू भन्छ । रानीले पनि जोगीले भने झैं गरी खाएर जहिल्यै खान थालिछे । पछि त्यसको प्रभावले छोरो जन्मन्छ । छोरो सोह्र बर्ष पुगेपछि त्यो जोगी आउँछ र छोरो माग्छ , राजारानीले जोगीलाई भोलि लिन आउनु भनेछन् ।भोलि पनि जोगी आएछ  तर नक्कली बालक दिएर पठाएछन् । । बीच बाटामा दुई वटा बाटा थिए । जोगीले भनेछ । यो सानो बाटोबाट घर जाँदा छिटो पुगिन्छ तर बीचमा जङ्गल छ । त्यहाँ बाघ  भालू हुन्छन् तिनीहरूले खान्छन् । अर्को बाटो लामो छ तँ कुन बाटो जान्छस? भनेछ । त्यस बालकले लामो बाटो रोजेछ । जोगीले सोचेछ , मैले सिकाएको उपायको बच्चा त डराउदैनथ्यो भनेर फेरि फर्क्यो र भन्यो यो मैले भनेजस्तै बालक होइन, मेरा बच्चो दे ! भनेछ र राजारानीले रुँदै दिएछन् र फेरि जोगीले बालकसँग पहिले गरे जस्तै गरेछ । त्यसले चाहिँ छोटो बाटो जान्छु भनेछ र

घर गएछन् । घर राम्ररी हेरेछ  र जोगीले भनेछ , “बाबु यो कोठा नखोल्नु है ” र डुल्न हिँडेछ ।  त्यो राजकुमारले धुनधुनती खोजेर चाबी भेट्टाई ढोका खोलेछ ,त्यहाँ हेर्दा त दश वटा मान्छेका टाउका पो रहेछन् , ती टाउकाले. भनेछन्- “भाइ त्यो जोगीले त तिमीलाई पनि हामी जस्तै बनाउछ । हामीले भनेको मान्छौ भने सुरुमा त्यस जोगीले तिमीलाई हात र खुट्टा टेक्न लगाँछ, त्यसको छेउमा लामो तरवार हुन्छ त्यसले तिम्रो टाउको छिनाउछ र हामी जस्तै बनाउँछ ” अनि राजकुमारले भनेछ “त्यसो भए मैले के गर्ने ? र ती दश वटा टाउका भएका मानिसले भनेछन् “तिमीलाई पहिला हातखुट्टा टेक्न लगाउँछ त्यसपछि तिमीले मलाई त्यसो गर्न आउँदैन भन्नू, र तपाईले एक पटक गरेर सिकाइदिनू भनी अनुरोध गर्नु त्यस बेला त्यो लामो तरबारले घाँटीमा हान्नू र त्यसको रगत हामीलाई छर्किनू भनेछन् । त्यस राजकुमारले हतपत ढोका थुनिहल्यो र चाबी जहाँको त्यहीं राख्यो, भरे त्यो जोगी आएछ । ती १० ओटा टाउकाले भनेजस्तै त्यस जोगीले हात र खुट्टा टेक्न लाउँछ पहिले ती मानिसले भने जस्तै त्यो राजकुमारले पनि मलाई आउँदैन तपाईं एक पटक गरेर देखाउनुहोस भनेछ  र यो खाटमा हेरेछ ठूलो तरबारले त्यस जोगीको घाँटीमा छ्याम्म हानेछ । ती मानिसले भनेजस्तै जोगीको रगत अघिको चाबी खोलेर ती मानिसलाई छर्की दिएछ ती टाउकाहरू त दश जना राजकुमार पो भएछन् र आ-आफ्ना बाटो लागेछन् त्यो राजकुमार पनि बाटो लागेछ । त्यो गाउँ सुनसान थियो । राजकुमार एउटा घरमा पुगेछ त्यहाँ एउटी सुन्दरी केटीलाई देखेछ र त्यसकेटोले भनेछ“के म एक रातका लागि बास बस्न सक्छु ? ” केटीले भनिछ, “बस्न त सक्नु हुन्छ तर यहाँ राक्षसको बिगबिगी छ । राक्षसहरूले  मेरा हजुरबा, हजुर आमा सबैलाई खाइसकेको छ । आज राति मेरो पालो छ तपाईं यहाँबाट जानुहोस् नभए तपाईलाई पनि खान्छ । ” राजकुमारले भनेछ “म जान्न बरु तिमीसँग मर्छु” भनेछ । रात परेछ, राक्षसहरू कुद्न थालेछन् राक्षसहरूले झिल्केमिल्के लुगा लगाएका रहेछन् । राजकुमारले पनि झिल्केमिल्के लुगा लगाएर गएछन् र एउटा बूढी राक्षस्नीलाई सोधेछ“आमा ! हामी के गर्दा मर्छौं ? राक्षस्नीले भनिछ“यहाँ भन्दा दश घण्टा पर पूर्व गएपछि एउटा फलामको पाइप आउँछ । त्यो पाइप फुट्यो भने हामी जम्मै राक्षस मर्छौं – राक्षस्नीले भनिछ। राजकुमार पनि बञ्चरोले लिएर पूर्वतिर पुगेछ त्यहाँ एउटा पाइप भेट्टाएछ त्यो बञ्चरोले फलामको पाइपलाई हानेछ । पाइप फुटाएछ र त्यो केटी भएको ठाँउमा आई हेरेछ सबै राक्षस मरेका रहेछन् त्यो केटी र राजकुमार घरतिर लागेछन् । राजकुमारका पनि घरमा खबर पुगेछ । राजा रानी खुशी भई

घोडाहरू लिएर आउछन् र राजकुमारका साथ त्यो केटीको विवाह भएछ । राजकुमार र राजकुमारीलाई राम्रो स्वागत गरी घरमा भित्र्याएछन् ।

## ३.७ पिपिरीको देशप्रेम

एकादेशमा चापिनी नाम गरेको गाउँमा पिपिरी नाम गरेको माझी बस्थ्यो । ऊ आसाध्यै मेहनती थियो । दिनभर ढुङ्गा चलाएर मानिसहरूलाई नदी तारिदिनु नै उसको काम थियो ।

पिपिरी मादल बजाउन असाध्यै सिपालु थियो । ऊ सबै काम सकेर साँझ परेपछि जुनको टहटह उज्यालोमा मादल बजाएर मादलको तालमा रमाउने गर्थ्यो । मादल  अफ्नो देशको पुरानो बाजा भएकोले पिपिरी मादललाई असाध्यै माया गथ्यो । एक दिन को कुरा हो  सधै झै पिपिरी दिनभरिको काम सकेर मादल बजाएर बसेको थियो । पिपिरीको मादलको घिन्ताङ् घिन्ताङ्को मीठो धुन सुनेर त्यही बाटो भएर सैनिकहरूका साथमा गइरहेकी नदी पारिको देशकी राजकुमारीलाई नाचूँ नाचूँ लाग्यो । त्यसपछि उनी पिपिरकिो नजिक गईन् । ठूलो फौज लिएर सुन्दरी आफ्नो नजिक आएकी देखेर पिपिरीले मादल बजाउन बन्द गऱ्यो । राजकुमारी मेनकाले पिपिरीलाई मादल बजाउन अनुरोध गरिन् । पिपिरीको मादलको तालमा राजकुमारीको गोडाहरू अचानक चल्न थाले । उनी मज्जाले नाँच्न थालिन् । यसरी नाच्ता नाच्ता राजकुमारी थाकिन् र पिपिरीलाई दरबारमा जानकोलागि अनुरोध गर्न थालिन् । पिपिरीले आफू पछि आउने बाचा गऱ्यो । त्यसपछि राजकुमारी मेनका आफ्नो दरबारतिर लागिन् ।

पिपिरी आउला आउला भन्दा भन्दै एक वर्ष बित्यो । त्यति धेरै समय बित्ता पनि पिपिरी नआएपछि राजकुमारी दुःखी भइन्  त्यही दुखले गर्दा उनी ठूलो बिरामी परिन्, राजाले सबै डाक्टरलाई देखाए तर मेनकाको रोग निको हुन सकेन । एकदिन मेनका सुतिरहेको बेलामा पिपिरीको नाम वरबराउन थालिन् त्यसपछि राजाले पिपिरीको बारेमा आफ्ना सैनिकहरुलाई रोधे । सबै थाहा पाएपछि राजाले पिपिरीलाई लिन पठाए । राजाको आज्ञा पालन गरेर सैनिकहरू पिपिरीलाई लिन नदी पारिको गाँउतिर लागै । उनीहरूले पिपिरीलाई नदीको किनारमा भेट्टाएर लिएर आए । राजाले मादल बजाएर आफ्नी छोरीको रोग निको पार्न पिपिरीसँग अनुरोध गरे र भने, " रोग निको भयो भने जे माग्छौ त्यही दिन्छु भजेर बाचा पनि गरे , पिपिरीले मादल बजाउन थाल्यो । राजकुमारी मेनका मादलको आवाज सुनेपछि जुरुक्क उठेर  नाच्न

थालिन्, उनको रोग निको भयो । यो देखेर राजा छक्क परे र उनले पिपिरीलाई “तिमी कति सुन चाँदी माग्छौ र चाहन्छौ माग, मेरो दरबार छेउमै बस” भनी हुकुम गरे ।

पिपिरीले हात जोडेर भन्यो - “सरकार मलाई हजुरको केही पनि चाँहिदैन । मलाई मेरो देश , जन्मदिने आमा, मेरो जन्मभूमिमा जान दिनुस् त्यही नै तपाईले मलाई दिनु भएको ठूलो पुरस्कार हुनेछ ।” पिपिरीको आफ्नो देश प्रतिको माया देखेर राजा असाध्यै खुसी भए र उनलाई थुप्रै सुनचाँदी दिएर उसको देशमा पुऱ्याउन पठाइदिए । त्यसपछि पिपिरी आनन्दसाथ आफ्नै देशमा बस्यो तर उसले मादल बजाउने र ढुङ्गा चलाउने काम जीन्दगीभरि छोडेन ।

## ३.८ चङ्खे र मङ्खे

एकादेशमा दुई छोरा र एक आमा थिए । उनीहरू साह्रै गरिब थिए र त्यसै देशमा एउटा घर्तीमान काजी साह्रै धनी थियो । त्यसैसँग पैसा मागेर आफ्नो बिहान बेलुकाको छाक टार्दथे । दाजुको नाम मङ्खे र भाइको नाम चङ्खे थियो । एक दिन घर्तीमान काजी आएर मेरो पैसा ल्याओ भनेर तिनीहरूलाई सारै नै करायो र अलेली भएको सबै सामान उठाएर लगिदियो। आफ्नो सामान उठाएको देख्ता मङ्खेले भन्यो “ नलानुहोस् हाम्रो थोत्रे भाँडा र कपडा , म तपाईको घरमा नोकर बस्छु ” भनेर त्यो सामान त्यही राख्न भन्यो र घर्तीमानले उसले भने बमोजिम गऱ्यो । ऊ घर्तीमान काजीकोमा नोकर बस्न गयो । उ नोकर बस्न जाँदा घर्तीमान काजीले एउटा कुराको बाचा राख्यो । मैले काम अराएजति गर्नुपर्छ र त्यो काम एक दिनमा सक्नु पर्छ सकिनस् भने तेरो नाक काट्छु । सकिस् र मलाई भो भन्ने पारिस् भने मेरो नाक काट्नु । भनेर त्यस्तो बाचा राख्यो । उता मङ्खेले जत्रो काम भए पनि समयमै गर्छु भनेछ र घर्तीमान काजीले काम अह्रायो । जा भात खान एउटा पात लिएर आइज भन्यो । ऊ सोझो मान्छे सानो आँपको पत्ता लिएर आउछ । विचरा दुई सिता हाल्दै पात भरिहाल्यो बाठो घर्तीराम काजीले त्यतिमात्र खा, अनि हलो जुवा गोरु लगेर एक मुरी तोरी गैरीखेतमा छरेर आइज र बेलुका आउँदा २, ३ धार्नी मासु लिएर आइज भनेर काम अह्रएछ । अनि हलो, जुवा, गोरु र एकमुरी तोरी लाँदा उसलाई २ , ३ बजिहाल्यो उसले त चारमाना पनि तोरी छरीसकेनछ । विचरा वेलुका त्यत्तिकै घर फर्केछ । अनि घर्तीराम काजीले भनेछ । ओ मङ्खे तोरी छरिस र मासु पनि ल्याइस् भनेर सोधेछ । मङ्खे भन्छ “हजुर !जाँदा जाँदा ढिलो भइहाल्यो मैले

त चार माना मात्र तोरी छरिसकें भनेछ" त्यसो भए "तँ जस्तो नोकरलाई भात घिचाउन सक्तिन भनेछ । " विचरा ! नाक पनि काटि दिइ हाल्यो । रुँदै घर गएर आफ्ना भाइ आमा सबैलाई सुनाएछ । र भाइले  म जान्छु भनेर घरबाट जबर्जस्ति निस्केर घर्तीमान काजीको घरमा आइपुगेछ । अनि घर्तीमान काजीले भनेछ, " दाजुको नाक काटें अब लेरो नाक काट्न बाँकी रह्यो" भनेछ र चङ्खेलाई पनि त्यसैगरी काम अह्राएछ  उसलाई "भातखान एउटा मात्र (पात) लिएर आइज भनेछ" र उसले केराको पात सिङ्गै लगेछ र त्यसमा भरी हाल्न लगाएर पेटभरि खाएछ र काम गर्न गोरु, तोरी, हलो , जुवा लिएर गैरीखेततिर गएछ र साथमा हाँसे कुकुर पनि लिएर बोलाउँदै लगेछ अनि एक सियो जोतेर तोरी सबै त्यो सियामा हालेछ । तोरी पनि छरिसकियो अनि त्यही कुकुर काटेर मासु पनि ल्याएछ र ऊ वेलैमा घर आएछ । घर्तीमान छक्क परेछ यत्रो तोरी सबै छरेछ भनेर ए चङ्खे ! मैले अह्राएको काम सकिस् भनेर सोधेछ, काजीले हजुर सकें मासु पनि ल्याएँ । ल ! अब पका भनेछ अनि एक मानो  खोर्सानी हालेर मासुभात पकाएछ र काजीलाई खान दिएछ अनि बाहिर हात धुन जाँदा भात लगेर हाँसे, चेइ, चेइ भनेर बोलाएछ -काजीले। चङ्खेले भनेछ "हाँसे त भुँडीतिर गाँसे"। भोलिपल्ट २२ , २५ वटा गाई–गोरु हेर्न जङ्गलमा काजीले पठाएछ र चङ्खेले सबै गाई भीरबाट झारेर एउटा गोरुको पुच्छर समातेर बसेछ । राति भइसक्यो चङ्खे किन आएन भनेर हेर्न जाँदा त एउटा गोरुको पुच्छर समातेर बसेछ । अरु गाईबस्तु छैनन्, खोइ अरु गाई भनेर खोज्दा सबै भीरबाट हाम फाले र यो पनि हाम फाल्छ भनेर पुच्छर समातेको हजुर, भनेछ र गर्नु गरिस् मरा भन्दै ऊ त्यही एउटा  गोरु ल्याएर घर आएछ । भोलिपल्ट २ मुरीको बीउ काडेर २५ जना रोपारलाई पुऱ्याउनु पर्ने भनेर बीउ काढ्न पठाउँछ । चङ्खेले गएर सबै खोलाको पानी फिराएर बिउमा बाडी लगाइदिन्छ र बीउ बगाएर सब खोलातिर लैजान्छ । खेताला र काजीखेतमा पुग्दा त सबै खेत त पहिरो पो भएको हुन्छ । अब काजी मनमनै सोच्छ, अब यसले जे भन्दा पनि मेरो नाक काटिहाल्छ र यसलाई भीरबाट हुत्याएर मारिहाल्छु भन्ने बिचार गर्छ त्यतिवेला नै काजीकी छोरी सुत्केरी  भएकी हुन्छे र उसलाई भरिया बनाएर एक थुन्से रोटी , अनारस, घिउ, मह इत्यादि खानेकुरा बोकेर भरिया बनाएर लैजान्छ । जाँदा जाँदा बाटामा रात पर्छ र भीरको मुखमा उनीहरू बास बस्छन् र काजीले सोच्छ, "अव यसलाई खुट्टा मालिस गर्न पठाँउछु अनि यो निदाउँछ र लात्तले हानेर झारि दिन्छु भनेर विचार गर्न चाल्छ र उसलाई मालिस गर्न लगाउँछ त्यत्तिकैमा हिँडाइले गर्दा काजी निदाउँछ र ऊ चाहिँ

रोटी सबै निकालेर थुन्चे मात्र राखिदिन्छ । राति काजी ब्युँझन्छ र एकलात्ती हान्छ र थुन्चे  घन्द्राङ् घुन्द्रुङ् गरेर तल झर्छ अब खाइस चङ्खे ! भनेर काजी भन्छ । यता चङ्खे चाँहि खाँदैछु हजुर ! रोटी खाइसके अब धिउ खान बाँकी छ भन्छ, त्यतिकैमा उनीहरू घर फर्कन्छन र काजी “जा तेरो घर अब मलाई तिमीहरूको पैसा पनि चाहिँदैन मेरो तिरिसक्यौ , अब मलाई दिनुपर्दैन भनेर भन्छ ।” अनि घर्तीराम काजीको नाक थपक्क काटेर दाजु मङ्खेको नाकमा ल्याएर टाँसिदिन्छ र कथा समाप्त हुन्छ ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला

भन्ने बेलामा सरासर आइजाला ।

## ३.९ लोभले लाभ लाभले विलाप

एकादेशमा एउटा जङ्गलमा एउटा सिकारी सिकारको खोजीमा थियो । उसले एउटा कालो पहाड झैं  ठूलो सुँगुर देख्यो। तब उसले धनुषमा तीर हालेर ताँदोलाई कानसम्म तान्यो । निसाना पनि ठीक ठाँउमै लाग्यो तर सुङ्गुर चाँडै मर्ने जस्तो थिएन । सुङ्गुर घाइते थियो । तर जसरी भए पनि उठेर सुँगुरले सिकारी र सिकार दुबैको अन्त्य भयो ।

त्यसपछि केहीबेरमा नै एउटा गिद्ध त्यहाँ आइपुग्यो । त्यो असाध्यै भोकाएको थियो । दुबैलाई मरेको देख्ता त्यो गिद्ध ज्यादै खुसी भयो उसले पहिले स-साना कुराहरू खाएर मात्र ठूलो कुरा खान्छु भनेर विचार गऱ्यो । त्यसपछि उसले पहिले धनुषको डोरी -ताँदो) खाने विचार गऱ्यो । ताँदो ज्यादै कसेर बाँधिएको थियो । जब उसले ताँदो चपायो तब त्यो ताँदो चुडिएर त्यसको बेगले त्यो गिद्धको टाउको छिनायो यसरी सिकारी , सिकार र गिद्ध तीनै थरी मर्न पुगे । लोभले लाभ भयो भने लाभले विलाप हुन गयो । यो दृश्य त्यसै जङ्गलका राजा सिंहले चालपाएर उताका सेनाहरु मेघगर्जे झै गर्जदै जाँदा भए । यसरी तिनीहरू आएपछि त्यो दृश्य देखेर उनीहरु नै छक्क पर्दै भूमिमा ढल्न पुगे ।

किन यत्रोबेर पठाएका सेनाहरू आएनन् ? भनी राजानै गर्जदै जाँदा थिए । यतिकैमा उनलाई पनि सर्पले डस्यो । यसपछि सबै मरे । त्यो घटना घटे पश्चात् त्यस जङ्गलमा कोही पनि सिकारीहरू आउँदैनन् र उजाढ शून्य जङ्गल बन्न पुग्यो ।

## ३.१० झत्ते बूढाको सवाल राजाको सपनाको जवाफ

एकादेशमा एकजना अत्यन्त दयालु सोझा राजा थिए अरे । एकदिन उनले सपना यस्तो देखेछन् कि अब उनी सातदिन भित्र मर्दैछन् । यस्तो सपना देखेर राजा एकदम दुविधामा परेछन् अनि उनले सोचेछन् अब म सात दिनमै मर्नेछु भनेर देशभरिका जनतालाई बोलाएर दानभोज गर्ने निर्णय गरे र देशभरि झ्याली पिटी भोजको आयोजना गरे । भोजको बिहान त्यही सहरमा बस्ने एकजना (झत्ते बूढा) गरिब मानिसलाई पनि उनकी पत्नीले भनिन् तपाई पनि जानुहोस् राजाले भोजको आयोजना गरेकाछन् । बा तपाईलाई पनि दानभोज दिइहाल्छन् कि भनिछे । तर झत्ते बूढाले मानेनछ, म जस्तो झत्ते बूढो नराम्रो लुगा छ होस् म जान्न भनेछ र श्रीमतीको ढिपीले गर्दा उ हातमा एउटा लट्ठी बोकेर हिँडेछ । अलिक पर पुगेपछि जङ्गलको बाटो आएछ जङ्गलमा  चरा चुरुङ्गी कराउदै वनभर काफल पाकेकोले खाँदै रमाउदै उडेछन् । फेरि ऊ अगाडि बढेछ उसले थोरै छिपछिपे पानीमा माछाहरू ताँती लागेर हिँडेको देखेछ फेरि अगाडि बढ्दा उसले जङ्गली बँदेल आहाल बसेर रुखमा ढल्किदैरहेछ त्यसपछि उसको मनमा यस्तो सोच आएछ -काफल पाके ती चरा हर्से दगदग मछलीको हार कौन कारन ढल्छस पानी त्यसको अर्थ मैले जाने यति भन्दै मनमनै विचार गरी ऊ दरबार पुगेछ । भोज खाएछ र दान पाएछ । ऊ प्रसन्न भएर भर फर्कन लाग्दा राजाको अंगरक्षकले सोधेछ के आउँछ तपाईलाई ? राजाले देख्नु भएको सपनाको बारेमा तपाईको  के विचार छ ? भनेर  सोधेछ ।

झत्ते बूढाले अहँ, मलाई केही पनि आउँदैन भनेर भन्दा सबैले आफ्नो जवाफ जेजस्तो दिइसके तपाँइलाई जे आँउछ भन्नुस् भन्दा बूढाले भनेछ -काफल पाके ती चरा हर्सो दगदग मछलीको हार कौन कारन ढल्छस् पानी त्यसको अर्थ मैले जाने भनेर बूढाले भनेछ । त्यो सवालको जवाफ लेखी ल्याउन राजालाई पेस गर्‍यो । राजाले सवालको जवाफ कसले दिन्छ भनेर यो कुरा कागजमा लेखी देशभरि प्रचार गर्न मन्त्रीलाई आदेश दिए । आदेश अनुसार मन्त्रीले प्रचारप्रसार गरे।

यति हुँदाहुँदै हरेक शुक्रवार राजाको दाह्री  काट्न हजाम आउँदो रहेछ र त्यो शुक्रवार पनि हजाम आउछ । मन्त्रीले मनमनै विचार गरेछ, “यो यति सोझो राजालाई मार्न पाए त राज्य मेरै हातमा हुन्थ्यो,” र हजामलाई दाह्री काटेको बेलामा राजाको घाँटी रेटी मार्न आदेश दिएछ । मन्त्रीको आदेश अनुसार हजामले राजाको दाह्री काट्दा घाँटीमा मजाले पानी लगाएछ र राजाले एक्कासि ए ! पर्खी भनी त्यो झत्ते बूढाले भनेको कुरा सारो गरी भित्तामा टाँसेको कागजबाट पढेछ । अनि त्यो पढेको सुनेर मन्त्रीले भनेछ र उसले सातदिन भित्र मर्ने सपना यस्तो रहेछ भनी त्यो झत्ते बूढा -काफल पाके ती चरी हर्से दगदग छललीको हार कोन कारण ढलछस पानी सो मैले जानेलाई बोलाई ज्यान बचाएकोमा आधाराज्य दिई सम्मान गरेर झत्ते बूढो सम्पन्न बन्यो र राजाको सपना झूटो सावित भयो ।

## ३.११ सुखु र दुःखु

धेरै बर्ष अगाडिको कुरा हो । एकादेशमा एकजना गरिब किसान बस्थ्यो । उसकी एकजना श्रीमती र दुःखु नाम गरेकी एउटी छोरी थिई तर किसान आफ्नो छोरो जन्मेको हेर्न चाहन्थ्यो । त्यसैले उसले अर्को विवाह गर्ने  निर्णय गऱ्यो । अर्को विवाह पछि त किसान झन् गरिब हुदै गयो ।  पिरैपिरले चिन्तित हुँदै गयो । भनिन्छ नि चिन्ताले चिताको बाटो निम्त्याउँछ । किसानको पनि रातदिनको चिन्ताले गर्दा मृत्यु भयो । दुई जना सौताका बीच रातदिन झगडा भइरहन्थ्यो । आखिरमा उनीहरूले छुट्टिएर बस्ने निर्णय गरे । आफ्नो एक टुक्रो खेतबारी पनि दुई भाग लगाए । किसानको दोस्रो पत्नीको पनि छोरा नजन्मिएर छोरी नै भयो । छोरीको नाम सुखु थियो । सुखु र दुःखु को स्वभाव उनीहरूको आमाको जस्तै थियो । सुखु छुच्ची लोभी र शिष्टता नभएकी केटी थिई तर दुखु सरल, शान्त र शिष्टताले भरिपूर्ण  भएकी थिई । सुखुकी आमा शिक्षित भएको कारण उनीहरू दुखु र उनको आमा भन्दा धनी नै थिए ।

एक दिनको कुरा हो जब दुखु आफ्ना कपडाहरू धोएर सुकाउँदै थिई ठूलो हुरी बतास आएर उनका सवै कपडाहरू हुरीले उडायो । त्यसपछि दुखु आफ्ना भएका थोरै कपडाहरू उठाई । दुखुले आफ्ना भएका थोरै कपडाहरू पनि हावाले उडाएकोमा दुःखी भई । अचानक हावाले नजिक आएर भन्यो - ‘ दुखु किन रोएकी ?’ नरोऊ बरु मसँग हिँड, म तिमीलाई यो भन्दा पनि राम्रा र नयाँ अनि धेरै कपडाहरू  पठाइदिन्छु ।’ हावाले भनेको सुनेर दुखु खुसी भई हावाको पछि पछि लागिन् । उनले बाटामा

जाँदा जाँदै एउटा पिपलको रुखलाई देखिन् । पिपलको रुखले भन्यो, “दुखु मेरो जिउमा काँडा टाँसिएको छ । तिमी यी काँडाहरूलाई टिपेर फाल्न सक्छ्यौ ?” दुखु सहयोगी भावनाकी थिइन् र भनिन् , ‘हुन्छ म यी काँडा टिप्न तयार छु ।” अनी उनले सबै काँडाहरू टिपेर फालिन् । जाने बेलामा पिपलको रुखले भन्यो, “दुखु तिमीले गरेको सहयोगको लागि धन्यवाद । म पनि तिमीलाई परेको बेलामा सहयोग गर्न सक्छु । “जाँदा जाँदा उनले घोडालाई भेटिन् । उनलाई घोडाले भन्यो - “दुखु तिमी कता जान लागेकी ? के तिमी मेरो जिउमा भएको कमिलालाई झारिदिन सक्छौ ? ” दुःखुले भनिन् -“हुन्छ । यसरी दुखु एकजना र अर्कोजना गरी बीचमा भेटेजति सबैको सहयोग गर्दै गइन् । आखिरमा उनी एउटा दरबारमा पुगिन् जहाँ एउटी बूढीआइमाई बसिरहेकी थिइन् । उनले दुखुलाई विभिन्न धनसम्पत्ति र सुनचाँदी प्रशस्त दिएर पठाइन् । यसरी दुखु र उनकी आमा धनी भए तर सुखु र उनकी आमा भने झन् गरिब र घमण्डी बन्दै गए ।

## ३.१२ बाठो स्याल

एकादेशमा एउटा केटो बस्थ्यो । उसका आमाबाबु ऊ सानै हुँदा परलोक भएका थिए । ऊ रातदिन अरुको घरमा कडा मेहनत गरेर खान्थ्यो । ऊ अलि अल्छी थियो । ऊ पछि ठूलो हुँदै गयो । उसले काम नगरी माग्न हिड्न थाल्यो । मागेर ल्याएको चामल एउटा गाग्रामा राख्यो । त्यो गाग्राको चामल भरिएपछि म बेचेर बिहे गर्छु भनेर  ऊ जहिल्यै माग्न हिँड्थ्यो । मागेर ल्याएको चामल गाग्रामा हाल्थ्यो । तर त्यो गाग्रो कहिल्यै भरिदैन थियो । आज जति हुन्थ्यो  भोलि पनि त्यति नै हुन्थ्यो , एकदिन उसले सोच्यो कि यो गाग्रो कहिल्यै भरिदैन यसमा केही न केही गडबडी हुनुपर्छ भन्ने सोची  ऊ माग्न गएजस्तो गरी एक ठाँउमा लुक्यो । केही क्षण पछि एउटा स्याल त्यहाँ पस्यो र गाग्राको चामल खान थाल्यो । त्यो देखेर उसले सोच्यो कि दिनदिनैको चामल त यस स्यालले खाँदो रहेछ यसलाई ठीक नपारी छोड्दिन भनेर उसले त्यो स्याल आफ्नो जुक्ति अनुसार पकड्यो र मार्छु भन्यो । किनकि मैले यो चामल बेचेर पैसा बनाएर विहे गर्न राखेको, तैँले त मेरो विहे हुन नदिने भइस् त्यसैले म तँलाई मारिदिन्छु । त्यो सुनेर स्यालले भन्यो ए दाइ, मलाई नमार ! म तिम्रो बिहेको लागि केटी खोजिदिन्छु । त्यसपछि त्यो केटाले स्याललाई छाडिदियो ।

स्याल केटीको खोजीमा हिँड्न थाल्यो । ऊ अर्को राज्यमा गुग्यो । त्यहाँ उसले एउटी केटीलाई देख्यो । ऊ राजकुमारी थिई । उसले राजासँग गएर राजकुमारीलाई

माग्यो । राजाले त्यो स्याललाई उल्याउनकालागि हुन्छ भनिदिए । तिमी अबको सात दिन पछाडि सातसय जना जन्ती लिएर आउनु भनेर भनिदिए । त्यो स्याल केटा भएको ठाउँमा गएर भन्यो तपाईको एउटी राजकुमारीसँग विहे हुने भएको छ । तपाई गएर दूध लिएर बाल्टी त्यहीँ राखेर भित्र गएको थियो त्यहीवेला नै ऊ दूध लिएर भाग्यो । त्यो दूध लगेर कुराउनी पकायो तर त्यो सबै कुराउनी स्यालले लग्यो । ऊ त्यहाँबाट एउटा लुगा सिउनेको घरमा गयो । उसले लुगा माग्यो तर लुगा सिउनेले लुगा दिएन । लुगा नपाएपछि स्यालले अहा ! कस्तो मीठो ? खान्छस्, त्यो मान्छेले भन्यो देन खान्छु । पहिले मलाई दौरा दे अनि म तँलाई कुराउनी दिन्छु । उस्ले दौरा दिन्छ । स्यालले अलिकति कुराउनी दियो । कुराउनी उसलाई ज्यादै मीठो लाग्छ । फेरी उसले माग्छ । त्यो स्याल धेरै बाठो थियो । त्यसले फेरी सुरुवाल माग्यो र अलिकति कुराउनी दियो । यसरी नै उसले बेहुला र बेहुलीको लुगा माग्यो । ऊ घर गयो । बिहेको दिन आयो राजाले त ७०० जना जन्ती लिएर आउनु भनेका थिए तर उनीहरू दुई जना मात्र थिए । बाटामा उनीहरूले खोलाको पानी नै सुकाएर बसेको मान्छेलाई भेटाए । स्यालले भन्यो– ए दाइ ! यो खोलाको पानी सुक्यो अब पानी आँउदैन हिँड जाम हामीसँग हामी तिमीलाई अघाउने गरी खाना दिन्छौं । त्यसपछि उनीहरू तीनजना मिलेर जाँदै थिए बाटामा एउटा मान्छेले लहरा खाएर नअघाएको मान्छेलाई भेट्छन् । उनीहरूले त्यस मान्छेलाई पनि लिएर जान्छन् ।

बाटो धेरैलामो भएकोले बाटामै बास बस्नुपर्ने हुन्छ । त्यतिबेला जाडो भएकोले उनीहरू ठूलो भ्याङ्मा बास बसी आगो बालेर सुत्छन । विहान भएपछि  उनीहरू राजाको दरबारतिर लाग्छन् । जब उनीहरू राजाको दरवारमा पुग्छन् राजाले ७०० जन्तीहरू खोई ? भनेर सोध्छन् । स्याल भन्छ हामी बाटामा आँउदै थियौ, बाटामा बम पड्केर सबै मरे । हामी चारजना मात्र बाँचेर आएका । त्यसपछि  राजाले खान लगे । सबै खाइसकेर पनि फेरी पकाएको खाइ सक्छन् । राजाले बेहुला लाई जग्गेमा बसाएछन् । ठीक जग्गेको माथिबाट एउटा मूढोलई अलिकति अड्याएर राखेको हुन्छ । त्यो कुरा स्यालले थाहा पाइहाल्छ त्यसपछि त्यो मूढोलाई अलिक पर पल्टाइ दिन्छ । राजालाई धेरै रिस उठेछ । कसैले थाहा नपाउने गरी जग्गेमै आगो लगाइदिन्छ । खोलाको पानी सुकाएर बसेको मान्छेलाई स्यालले भन्छ । “अघि खाएको पानीले आगोलाई निभाइदेऊ” । उसले पनि भएभरको पानी मुखबाट निकालेर दरबारलाई नै डुबाइदिन  लागेको देखेर राजाले भने “तपाईहरूले जे भन्नुहुन्छ म त्यही मान्छु । यो पानी सुकाइदिएर मेरो दरबारलाई बचाइदिनू भन्ने आग्रह गरे । पानी फेरि पिउन

थाल्यो त्यो मान्छेले । पानी सुकाएपछि राजाले राजकुमारीलाई त दिनै पर्ने भो । यसरी एउटा बाठो स्यालको अगाडि राजाको केही लागेन । राजाले राजकुमारीलाई दिए । रााजाबाट विदा भएर उनीहरू  घर फर्के । स्याल बाठो भएकोले अर्को पनि चलाखी गर्नका लागि उसले भन्यो , तिमीहरू आँउदै गर म छिटो  गएर वहाँको बन्दोबस्त मिलाउँछु । उसले अलि पर एउटा  ठूलो घर देख्यो त्यस घरमा दुइजना बूढाबूढीमात्र थिए । स्यालले बूढीलाई बोलाएर भन्यो, " बाबा आमा आज आकाश खस्छ अरे, सबैजना मरिन्छ त्यसैले म एउटा खाल्डो  खन्छु तपाईहरू त्यहाँ पस्नु भयो भने बाँच्नु हुन्छ" । ती बूढाबूढीहरु त्यो स्यालको कुरा पत्याएर खाल्डामा पस्ने सर्तलाई स्वीकार गर्दै स्याललााई स्यावासी दिन्छन् किनभने संकट परेको बेलामा बचाउन सकने खुबी देखेर दङ्गपर्छन् र बूढाबूढीले स्याललाई तिमीले मागेको कुरा हामी पूरा गर्नेछौ भनेर स्याललाई चाहेको कुरा माग राख्न आग्रह गर्छन् । त्यस पश्चात राजकुमारी र त्यो केटा पनि आइपुग्छन । स्यालले त्यतिखेर माग राख्दै भन्छ" हामी तीनजनालाई तपाईले घरमा बस्नदिएर संरक्षण गरिदिनु पर्छ ।" र त्यो स्यालको मागलाई ती बृद्ध बृद्धा सम्पन्न भएकोले उनीहरूलाई संरक्षण गरेर राख्न राजी हुन्छन् त्यसपछि सवै जना मिलेर सुख पूर्वक बस्छन् ।

## ३.१३ गरिबको खुसीमा ईर्ष्या

एकादेशमा एकजना बूढा व्यक्ति बस्थे । उनका दुई छोरीहरू थिए । जेठीको नाम च्यान्टी र कान्छीको नाम च्याङ्खुरी थियो। ती छोरीहरूको जन्म दिने आमा उनीहरू सानो छँदानै ती अबोध बालिका र श्रीमान्लाई बालिका हुर्काउने जिम्मा लगाएर उनी यो संसारबाट दुर भई स्वर्गको संसारमा उपस्थित भइन् । त्यस पछिका दिनहरूमा उही बालिकाहरू च्यान्टी र च्याङ्खुरीको लालनपालनमा उसको बाबुको दिनहरू अगाडि बढ्न थाले । अब त ती अबोध बालिकाहरू समयको दौडाइसँगै बुझ्ने  र बिस्तारै उमेरले पनि ठूली भएको संकेत र आभास दिंदैथ्यो । उनीहरूले त्यस बेला छोरीलाई पढाउनु हुँदैन भन्ने असभ्य समाज अनि सस्कार यसरी दिन बितेकोमा छोरी च्यान्टीको बाबाले पनि छोरीको हात माग्ने क्रममा अर्को देशबाट मानिस आए र च्यान्टीको बाबाले पनि छोरीको हात दिने बिचार गरे र दिदी च्यान्टीको विवाह पनि भयो । अब घरमा दुई बाबु छोरी मात्र रहे । उनीहरू ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दथे । फेरि त्यही दिदीको गाउँका मानिसहरू बहिनी च्याङ्खुरीलाई पनि माग्न भनी आए । च्याङ्खुरीको बाबुले उनलाई पनि सधैभरि आफ्नो साथमा

घरमा राखिरहन औचित्य ठानेन र आफ्नो मृत्यु पछिका दिनहरूमा छोरीको के हालत होला भन्ठानेर उनले कान्छीछोरीको पनि त्यही मानिससँग विवाह गरिदिए ।

अबका दिनहरूमा दिदी र बहिनीको गाँउ एउटै भएकोले उनीहरू हरेक क्रियाकलापमा सहभागी हुनु स्वाभाविक नै थियो । तर बिडम्बनाबस बहिनी च्याङ्खुरी धनीको घरमा परेकी थिइन् भने दिदी च्यान्टी चाहिँ गरिबको घरमा परेकी थिइन् । यसरी दिदीले छाक टार्नको निमित्त हरेक दिन  वहिनीको घरमा गई बहिनीको जुम्रा हेरिदिन थालिन अनि बहिनीले जुम्रा मारिदिएबापत बेलुका घर फर्कदा एक माना पिठो दिन्थिन् । यसरी उनीहरूको दैनिकी चलेको थियो । एक दिनको कुरा हो अचानक बहिनीले दिदीलाई पिठो दिइनन् अब विचरा !  दिदीले के गरिन् होला त्यस अवस्थामा बहिनीले यस्तो व्यवहार गर्दा अब घरमा जाँदा छोराछोरीहरूले खानेकुरा माग्दै रुँदै गरेका हुन्छन् ।

अरु दिन त उनले बहिनीकोबाट ल्याएको पिठो पकाएर खान दिन्थिन् । अब आज छोराछोरीलाई के खुवाउने ? कतै गएर केही ल्याएर आऊँ भने पनि गोधुली साँझले झपक्कै छोपिसकेको थियो । अब दिदीलाई फसाद पर्‍यो  र पनि उनी आत्मविश्वासका साथ आफ्नो निजी झुपडीतर्फ लागिन् ।  घरमा पुग्दा बच्चाहरू भोकले गर्दा चिच्याई कराई गर्दै रहेछन् । अब उनले कुनै उपाय नदेखेपछि डोको बोकेर रुँदै रुँदै सिस्नो टिप्ने मनसायले सिस्नो भएको ठाँउतर्फ प्रस्थान गरिन् । उनी रुँदै सिस्नो घारीमा पसेर सिस्नो टिप्तै थिइन् । त्यसै बखत त्यही परतिर बाघ सुतेको रहेछ । त्यो उनले बाघलाई जुनेली रात भएको हुनाले मजाले देखिन् र डरले लुगलुग काम्न थालिन् । यो देखेर बाघले सोध्यो – हे मनुष्य तँलाई के भयो ? भनेर बाघले सोध्दा झन् डरले उनी पनि बोल्न नसकी थरर्र कामिन् । फेरि बाघले सोध्यो– हे मनुष्य ! तँलाई म खान्न, भन् तँलाई के भयो ? यो कुरा सुनेर उनले घटेको घटनालाई बृतान्त सुनाइन् र बाघले भन्यो, " उसो भए म भोलि विहानै आँउछु, तँ नुहाएर घर लिपेर बत्ती बालेर मलाई कुरेर बसिरहनु म आँउछु" भन्यो ।

त्यसपछि उनी त्यही सिस्नु लिएर घरतर्फ प्रस्थान् गरिन् । छोराछोरीलाई त्यही पकाएर खुवाइ–पियाइ निद्रादेवीको काखमा पारिन् । भोलिपल्ट विहान उनीले अघिल्लो दिन बाघले भने बमोजिम नित्यकर्म सकेर बत्ती बालेर बसिरहेकी थिइन् । त्यसै बखत बाघले दिदी च्यान्टीको घर प्रस्थान गरी दिदीको ढोकादेखि चुलासम्म पैसा नै पैसा हगिदियो र यो भरेर ढिकुटीमा राख्नु भनी बाघ गयो अनि दिदीले पैसा

भर्नको निमित्त पाथी माग्नको लागि बहिनी कहाँ गइन् दिदीले यसरी हिजो सम्म केही नभएको आज के भर्नका लगि भन्ठानेर पाथीको पिँधमा गोबर टाँसिन् र पाथी पठाइदिइन् । ती सिधा दिदीलाई बहिनीको चालाखीको बारेमा के थाहा ? त्यस पछि गएर पैसा भरेर राखिन् । अनि पाथी पुऱ्याउन आइन् । पाथीको पिँधमा टाँसेको गोबरमा पैसा टाँसिएको रहेछ । तत्काल दिदीलाई यो कसरी भयो भनी सोधिहाली, तर दिदी सोझी थिइन् । अगाडि घटेका घटनाको बृतान्त सुनाइन् । उसले पनि त्यस्तै गर्ने मनसायले थुकको आँसु बनाई डोको र नाम्लो बोकी सिस्नो टिप्ने ठाँउतिर लागिन् यसरी सिस्नो टिप्तै गर्दा बाघ सुतेको देखी र दिदीलाई जस्तै गरेर बाघले भन्यो । बाघको कुरा सुनेर सिस्नो त्यहीँ फ्याँकि दिई घर आई बिहान उठेर त्यसै गरेर पर्खेर बसी, नभन्दै बाघ आयो । दैलो देखि चुलो सम्म बाघले छेर नै छेर छेरिदियो। त्यो दृश्य देखेर बहिनी रिसले व्याकुल भई सराप्तै सराप्तै सोहोर्न थाली ।

सुन्नेलाई सुनको माला

भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला

भन्ने बेलामा सरासर आइजाला ।

# अध्याय - चौथो

## संकलित लोककथाहरूको विश्लेषण

### ४.१ पापको फल

कथानक

प्रस्तुत कथा झापा जिल्लामा प्रचलित सामाजिक अतिशयोक्तिपूर्ण रिस डाहमा सम्बन्धित कथा हो । प्रस्तुत कथामा सौतेनी षढयन्त्रलाई देखाइएको छ । यसमा सौतेनी आमाले कसरी रिस डाहा गर्छन् सौताको छोरोलाई मार्नसमेत पछि पर्दैनन् । सौतापट्टिको छोरो कान्छीको सुनको तारो भएको छोरो देखेर मलाई राजाले आफूलाई माया गर्दैनन् भन्ने कुरो जेठीले सोची र कान्छीको छोरा जुठेल्नामा फ्याँकिदिएर झुम्रो राखिदिई । राजाले रिसले कान्छी रानीलाई घोडाको लिदी सोहोर्न राख्छन् । बाखी,भेडी र गाईले संरक्षण गर्न खोजेको हुँदा तिनीहरूलाई पनि जेठीले मार्न लगाउँछे । त्यसपछि हात्तीले छोराको संरक्षण गर्छ । छोरो ठूलो भएपछि तेरी आमा को हो ? भनेर सोध्दा “सातवटा राडी छेडेर जसको दूधको सिर्का मेरो मुखमा पर्छ त्यो नै मेरी आमा हो भनेर भन्छ । ” त्यसपछि अर्का देशका राजकुमारीको विवाह प्रसंगमा हात्तीले त्यो केटालाई स्वयंवरका लागि छनौट गर्न सहयोग गर्छ । राजाले टुँडिखेलमा घोडेजात्रा गरेर दौडमा प्रथम हुनेलाई छोरी विवाह गरिदिने प्रस्तावमा कान्छी रानीको छोरो सफल भएपछि राजाकुमारीको विहे त्यो केटासँग भयो । तत् पश्चात त्यो कातवटा राडी छेडेर दूधको सिर्को छोराको मुखमा पर्न पुगेपछि थाहा हुन्छ र राजाले कान्छीको सुडेनीको थियो भनी खोजी गर्दा जेठी दिदी चाहिँ नै हो र उसैले सौताको छोरालाई मार्ने षड्यन्त्र गरेको हो भन्ने पत्ता लगाएपछि जेठीलाई दण्ड दिएर कान्छी रानी र छोरा बुहारीसँग आनन्दका साथ बस्न थाल्छन् । षढ्यन्त्र गर्ने जेठीरानीले सजाय पाई पापको फल भोग्न पुग्छे ।

यिनै घटनाको उपर्युक्त संयोजनबाट यो कथा श्रृङ्खलित, आकर्षक र लोकप्रिय कथाका रुपमा रहेको छ ।

**पात्र**

प्रस्तुत कथामा मानव र पशुपात्रको भूमिका उल्लेख्य छ । यस कथाको प्रमुख पात्र सुनको तारो भएको छोरो हो र प्रमुख पात्रको सहयोगीको रुपमा बूढी बाख्री, भेडी, गाई, हात्ती र वायुपङ्खी घोडा छन् । सहायक पात्रको रूपमा बाबु आमा, राजाका फौज, मन्त्री, आदि छन् । यस कथामा असल पात्रका रूपमा पशुपात्र, कान्छी आमा, आदि छन् भने खराव पात्रमा छोराकी ठूली आमा छन् ।

**परिवेश**

यस कथामा जंगलको परिवेश तथा दरबारिया दुवै परिवेश आएका छन् । जंगली परिवेश, तीतेपातीको झुप्रो, घोडाको लिदी सोहोर्ने, सातवटा राडी आदिले जंगली र दरबारिया परिवेशका सूचक बनेका छन् ।

**उद्देश्य**

यस कथाले सौता सैताका बीचमा षढ्यन्त्र गर्नु हुँदैन । षढ्यन्त्र गर्ने जोसुकैले पनि आफूले गरेको पापको फल कुनै पनि अवस्थामा भोग्नै पर्ने हुन्छ । सजायको भागी बन्नु पर्ने हुन्छ । तसर्थ मानिसले आफूभन्दा कमजोर माथि अन्याय गर्नु हुदैन । यसको मुख्य उद्देश्य पारिवारिक समानता हो भने गौण उद्देश्य मनोरञ्जन प्रदान हो ।

**भाषा**

यो लोककथा सरल, सहज, संप्रेष्य र कथ्य लोकभाषाको प्रयोग गसिएको छ । ग्रामीण जनजीवनको झलक भएको यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग भएको छ ।

**शैली**

यस कथामा कथा बर्णनको आधारमा आदि, मध्य र अन्त्य भाग टुङ्ग्याइएको हुँदा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.२ नाङ्गेको जुक्ति

### कथानक

सामाजिक र अतिरञ्जित समस्यालाई विषयवस्तुको रुपमा लिइएको प्रस्तुत कथामा एक जोडी बाहुन बाहुनीको प्रशस्त सम्पत्ति थियो सम्पत्ति सकिएपछि जंगलतिर प्रस्थान गर्नु आदि घटनाबाट कथा सुरु भएर बच्चालाई जंगलमा एकलै छोडिएको अवस्थामा मृगिणीले दूध खुवाएर पाल्छे, बालक हुर्कदै जान्छ । सिकार खेल्न आएका राजाका मन्त्रीगणले बच्चालाई लिएर जान्छन् लुगा लगाइदिन्छन् यी घटना क्रमका साथ कथा मध्यभागमा आएपछि अर्को देशका राजाले समस्या मुलक प्रश्न राख्छ त्यो समस्या पूरा नगरेमा सम्पूर्ण राज्यलाई नै हडपेर लिने धम्कीपत्र आँउछ र जंगलमा छोडिएको नाङ्गेले घोडा र त्यस्को समान आकार प्रकारको बच्चालाई आफ्नो युक्तिले पहिचान गरी उक्त राज्यलाई बचाउछ । विभिन्न घटना श्रृङ्खलाहरू मिलेर यो कथा पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाकोरूपमा रहेको छ ।

### पात्र

यसकथाको प्रमुख पात्रको रुपमा नाङ्गे बालक देखापरेको छ । सहायक पात्रमा बाहुन-बाहुनी, राजाकी छोरी आदि छन् त्यसैगरी मानवेतर पात्रमा मृगको बथान र मृग, समान किसिमका घोडा आदि हुन र अर्को देशका राजाले समस्यामुलक धम्की पत्र पठाएकोमा नाङ्गेले जुक्ति लगाएर समान घोडालाई पहिचान गर्न सफल भएर राजाको राज्यलाई जोगाउने उल्लेखनीय भूमिका निर्वाह गरेको छ ।

### परिवेश

यो कथा ग्रामीण दरबारिया दुवै परिवेशमा आएको छ । ब्राह्मण ब्राह्मणी तीर्थ गर्दा, जंगलको वर्णन , खोलामा घोडा लैजानु आदि कार्यले उपर्युक्त दुवै परिवेशका परिचायक हुन् ।

## उद्देश्य

यस कथाको मूल उद्देश्य एक साधारण मानिसले पनि आफ्नो युक्ति बुद्धि लगाएर असाधारण समस्यामुलक विषयको समस्यालाई समाधान गर्न सक्षम हुँदो रहेछ । सामान्य मानिसमा पनि बुद्धिको भन्डार हुँदोरहेछ । ती मानिसको पनि समाजमा प्रतिष्ठा आर्जन हुन सक्ने रहेछ भन्ने सन्देश दिन्छ ।

## भाषा

यो कथापनि ग्रमीण र दरबारिया परिवेश भएर पनि प्राय : लोककथाको भाषा ग्राम्य प्रकृतिको हुँदा भाषामा स्तरीय वा मानक रूप स्थान विशेष बोलिने कथ्य भेद स्वभाविक रूपमा भएको छ। यसमा प्रयोग भएको भाषा पनि स्थानीय चलन चल्ती अनुसार नै प्रयोग भएको छ ।

## शैली

यस कथामा पनि वर्णनात्मक शैलीलाई प्रयोग गरिएको छ ।

## ३ लोभको परिणाम

## कथानक

प्रस्तुत कथा झापा जिल्लामा प्रचलित पशुपंक्षी सम्बन्धी र मानवीय लोककथा हो । यसमा एउटी बूढीले भँगेराको बच्चाको खुट्टा काटिदिएको र त्यहाँबस्न नसकी जंगलतिर गएको प्रसङ्गलाई श्रृङखलितरूपमा प्रस्तुत गरेर ती भँगेराको मायाले गर्दा बूढाबा जंगलतिरै लागेका र ती भँगेरा भगेरी जंगलमा सुखपूर्वक जीवन बिताइरहेको कथाको विकास भाग हो भने जंगलपुगेका बूढाबालाई खुसीका साथ स्वगत गरे । गह्रौं की हलौं कुन बाकस लाने भनी रोजाउँदा बाबैले हलौं नै लान्छु भनी ल्याउदा त्यहाँ त सुनचाँदी पो रहेछ । बाबै धनी भए भन्ने लोभ गरेर ती बृद्धा भँगेरा भएका ठाँउमा गई गह्रौ बाकस लिएर आँउदा त त्यसमा भएका बिषालु कीराले टोकेर आमै मर्छिन् । लोभको परिणम मृत्युकारक हुन्छ भन्ने कथामा भन्न खोजिएको भाव हो ।

**पात्र**

प्रस्तुत कथामा मानव र मानवेतर पात्र आएकाछन् । यसको प्रमुख मात्र बूढा बूढी हुन् । बूढीले घमन्डी र मूर्खतापूर्ण व्यवहार देखाएकी छन् । जसले गर्दा सामान्य भँगेरा–भँगेरी पनि बूढीलाई उनको व्यवहारको बदला लिन सक्षम भएका छन् । ती बृद्धा असत् पात्र हुन अति कन्जुस्याँइ उनको खराव आचरण हो । असत् कार्यको परिणाम पनि खरावै हुन्छ भन्ने कुरा कथामा देखाइएको छ ।

**परिवेश**

यो कथा लौकिक ग्रामीण परिवेश अन्तर्गत आएको छ । कथामा आएका भंगेरा-भंगेरी, जंगल, चराको गुँड, गह्रौ र हलौं बाकस, आदि विशुद्ध ग्रामीण परिचायक हुन् ।

**उद्देश्य**

यस कथाको मूल उद्धेश्य कुनै पनि मानिसले लोभ र घमण्ड गर्नु हुदैन । यी दुई माथिका मानिसका मृत्युकारक बन्न सक्छन् भन्ने उद्देश्य हो । समाजका भद्र र सोझा मानिसले मात्र सवैबाट कृपापाई सुखी जीवन यापन गर्न समर्थ हुन्छन् भन्ने जनाइएको छ ।

**भाषा**

झापा जिल्लाको पश्चिमीक्षेत्रमा प्रचलित यस कथामा पुर्वेली भाषिका सित मिल्दो रूपको नै प्रयोग भएको पाइन्छ । प्राय : शब्दहरू स्थानीय चलनचल्ती अनुसारका कथ्य भाषाको प्रयोग भएको पाइन्छ । भाषामा जनबोलीको प्रस्तुति रहेको पाइन्छ ।

**शैली**

यस कथामा पनि वर्णनात्मक शैलीको प्रयोजन गरिएको पाइन्छ ।

## ४. सुनको स्याउ फल्ने रुख

### कथानक

प्रस्तुत कथा झापा जिल्लामा प्रचलित पशुपंक्षी र मानव सम्बन्धी लोककथा हो । यसमा सुनको स्याउ फाइरवर्ड नाम गरेको चराले चोर्ने गरेको , त्यो सुन चाँदी जस्तै बुट्टाभएको चरो हुन्छ । फायरवर्डको खोजी गर्न राज्यका सवै राजकुमार जान्छन् । त्यसपछि जंगलको सम्राट गिईले सहयोग गर्छ । अर्को देशको सम्राटले बाइपङ्खी घोडा लिएर जाने सल्लाह दिन्छ । गिईले भेष धरेर (वदलेर) घोडा, राजकुमार र राजकुमारीको भेट गराउछन् तर विवाह पश्चात् जेठा, माईला राजकुमारले कान्छा राजकुमारको हत्या गर्दछन् । फेरि गिईका अर्का मित्र गधापर्वतका राजाको सहयोग लिई कान्छा राजकुमारको उपचार गराई पुनः आफ्ना राज्यमा फिर्ता ल्याउन सफल हुन्छन् । यसरी आफ्ना दाजुहरूको षढ्यन्त्रपूर्ण हत्याका सिकार भएका कान्छा राजकुमारले गिईको मद्दतले न्याय प्राप्त गर्न सफल हुन्छन् ।

### पात्र

प्रस्तुत कथाको पात्रको रूपमा गिई र कान्छा राजकुमार हुन् । सुनको स्याउ फल्ने रुखबाट चोरी हुने भएको फल खोज्न जानेक्रममा गिईको सहयोग मित्रता को कारणले गधा पर्वतका राजाको सहयोगबाट जंगलका संम्राट गिईले कान्छा राजकुमारलाई बचाउन सफल भएको छ । फायरवर्ड, गिई र वायुपङ्खी घोडा मानवेतर पात्र हुन् । दोषीलाई दण्ड दिन र निर्दोषीलाई अधिकार दिलाउन गिई पूर्ण सफल छ ।

### परिवेश

यो कथा पूर्णतः दरबारिया परिवेश अन्तर्गत आएको छ । सुनको स्याउ फल्ने रुख - अलौकिक हुनु, सुनको प्वाँख भएकोचरोले स्याउ चोर्नु, जंगलको सम्राट गिईले भेष बदल्न सक्ने हुनु, सारा कथाका वृतान्त दरबारिया परिवेशमा घटित भएका छन् ।

### उद्देश्य

यस कथाको मूल उद्देश्य मानिसले गर्न नसक्ने असम्भव प्राय : कार्यहरू कुनै हुदैनन् भन्ने उद्देश्य र मानिसले पाप गर्नु हुँदैन भन्ने नैतिक शिक्षा दिनु हो । यस कथाको मूल स्वर भनेको आफ्नो मात्र स्वार्थ पूर्ति गर्नु हुदैन । अरुलाई नास गर्नेले त्यसको खराव परिणाम आफै भोग्नु पर्ने हुन्छ भन्ने नैतिक सन्देश दिदै मनोरञ्जन प्रदान गर्नु कथाको मुख्य उद्देश्य हो ।

### भाषा

झापा जिल्लाको पश्चिमीक्षेत्रमा प्रचलित यस कथामा प्रयुक्त पात्रहरू सरल, सरस, सम्प्रेष्य खालको भाषा प्रयोग गर्दछन् । प्राय : लोककथाको भाषा ग्राम्य प्रकृतिको भएकोले ग्रामीण कथ्यभाषाको प्रयोग भएको छ । यसमा अंग्रेजी शब्द फायर बर्डको समेत प्रयोग पाइन्छ ।

### शैली

यस कथामा वर्णनात्मक शैलीका साथै एउटै कुरा बारम्बार दोहोरिएर आएको हुनाले क्रमसम्बर्द्धनात्मक शैली साथै प्रयोग भएको पाइन्छ ।

## ५ भूत र तीन माग्नेको बहादुरीको कथा

### कथानक

प्रस्तुत कथा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित अतिरञ्जित कथा हो । यस कथामा भूतले सताउने गरेको स्थानमा साथै बूढी आमैले बास देखाउछिन् भाते निन्द्रामा परेका बेलामा ती तीनजना माग्नेको गन्ध बाघले थाहा पाएको हुँदा बाँच्न तीनै जना रुखमा चडे । डरछेरुवा बाहुन मुनि परेकोमा बाहुन बाघ माथि खस्यो र बाहुनका डरले बाघ भाग्छ। फेरि त्यही बूढीकहाँ बास माग्न पुग्दा भूतकै ओडारमा बास देखाउछे । ओडार सफा गरेर  खाटमा सुतेका वेला खाट मुनिको भूतले डर देखाउछ र खतराले चाहिले थूक फालेर देखाउनु पर्ने हुन्छ । बाठो चाहिँ माग्नेले दही पोखेर देखाएछ साथै भुँडी पड्काउन भन्दा ढोलक बजाएर र दाह्रा देखाउने क्रममा डोकालाई वारपार छेडिने गरी हलाको फाली देखाए पछि भूत डरले भाग्छ । यसरी

चतुऱ्याँइको आधारमा ती मागनेहरूले भूतमाथि विजय हासिल गरेका छन् । उपर्युक्त घटना श्रृङ्खलाहरू मिलेर उक्त कथा पूर्ण बनेको छ । कथा सफल र लोकप्रिय छ ।

**पात्र**

प्रस्तुत कथामा मानवीय र अतिमानवीय मात्रसमेतको भूमिका उल्लेखनीय छ । यस कथाका प्रमुख पात्रका रूपमा तीन जना माग्नेहरू छन्। त्यस मध्ये पनि बाहुन चाहिँ बाठो छ । मानवीय पात्रकारूपमा बूढी आइमाई र उनका तीन वटी छोरीहरू पनि छन् र अति मानवीय पात्रका रूपमा च्यान भूत आएको छ । त्यसले त्यहाँ आउनेलाई दुःख दिने गरेको तर बाठो पात्रको चतुऱ्याँइले गर्दा सवै जना भूतको त्रासबाट जोगिन सफल हुन्छन् । पशुपात्रको रुपमा जंगलको बाघ समेत आएको छ ।

**परिवेश**

ग्रामीण परिवेशमा कथाको प्रस्तुति भएको छ । यसकथामा गाँउका तीन माग्नेको अवस्थालाई लिएर कथानक अघि बढेको छ । तीनवटा बाटा भएको ठाँउमा पुग्नु, त्यसपछि बास माग्न खोन्दा  नपाउनु, बूढीले देखाएको ठाँउमा पुग्नु, त्यसपछि बास माग्न खोन्दा बास नमाउनु,  बूढीले राखेको सर्त अस्वीकार गरेकोमा भूतको ओडारमा गई बस्न भन्नु, झाडीको वर्णन, माकुराको जालो भएको ओडार सफा गर्नु, भूतले खाट उचाल्नु, आदि प्रसङ्ग आएको हुँदा गामीण परिवेशको सूचना पाइन्छ ।

**उद्देश्य**

यस कथाको मुख्य उद्देश्य परिस्थितिले सामान्य स्तरको मानिसलाई साथ दिन सक्छ । कथामा तीन माग्ने मध्ये बाठो बाहुनले आफ्नो बठ्याँइले गर्दा च्यान भूतलाई समेत हराउन सफल हुन्छ र आफू लगायत आफ्ना साथीहरूको रक्षा गर्न सक्षम हुन्छ । यसबाट भयंकर परिस्थितिबाट बच्न हरेस नखाइकन बहादुरीका साथ गर्नु नै बुद्धिमानी हो भन्ने सन्देश दिएको छ ।

## भाषा

यो ग्रामीण परिवेशको प्रस्तुतिमा आएको यो कथाले पनि ग्रामीण जन–जीवनको स्पष्ट झलक दिएको छ । यसैले यहाँ विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग भएको छ । झापा जिल्लामा प्रचलित यो कथामा पनि विशुद्ध ग्राम्य भाषाको प्रयोग पाइन्छ । भाषा बोधगम्य छ ।

## शैली

यसकथामा प्रयोग भएका शैलीहरूमा वर्णनात्मक शैलीका साथै अन्य साना उपकथापनि आएका हुनाले अन्तगर्भित शैलीको समेत प्रयोग भएको पाइन्छ ।

## ६. झिल्के मिल्के पहिरनको राजकुमारको कथा

## कथानक

यस कथामा राजा–रानीका छोरा–छोरी हुँदैनन् । एक अज्ञात जोगीले सोह्र वर्ष भएपछि बुझाउने सर्त पूरा गर्ने भए छोरो जन्मिने भनेपछि त्यही सर्तलाई मान्न तयार हुन्छन् । सोह्र वर्ष उमेर पुगेपछि जोगीलाई जिम्मा लगाइन्छ । जोगीले सक्कली बालकको पहिचान गर्नु कथाको विकास भाग हो  र बालकको चलाखीपूर्ण कार्यबाट तरवारले जोगीलाई काट्छ र कथाको अन्त्यमा राक्षसले लगएजस्तै पहिरन लगाएर राक्षसलाई झुक्याई राक्षसहरू मारिन सक्ने कारण फलामको पाइप फुटाउनु पर्ने हुन्छ , सो कार्य पत्तालगाई राजकुमार लगायत अन्य बन्दी भएका दश जनाको र सुन्दरीको समेत ज्यान बचाउन सफल हुन्छ ,यो  कथाको अन्त्य भाग हो । यस कथामा चलाख मान्छेले कसरी आफ्नो बुद्धिले काम सफल पार्न सक्छन् भन्नेकुरालाई प्रष्टयाइएको छ । पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाकोरूपमा यस कथालाई लिन सकिन्छ ।

## पात्र

यस कथाको मुख्यपात्र झिल्के मिल्के पहिरन भएको राजकुमार हो । जोगी सहायक र खलपात्र हो । राजा, रानी सुन्दरी केटी, बूढी राक्षस्नी बूढी देखिएकी छ । दशवटा टाउका भएका राजकुमारले पनि कथामा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । कथामा राजकुमारले राक्षसहरूको जस्तै झिल्के मिल्के पोशाक लगाई

राक्षसहरूलाई झुक्याई उनीहरूलाई संहार गर्न सफल भएको बहादुरी र रोमाञ्चक कथा हो ।

### परिवेश

प्रस्तुत कथाले ग्रामीण दरबारिया परिवेशलाई जनाएको छ। राजा रानीका सन्तान नहुनु, जोगीको अशीर्वादले सन्तान हुनु , कबोल  बमोजिम छोरो फिर्ता लैजानु, जंगल, दुईवटा तरबार, राक्षसको झिल्केमिल्के लुगा, फलामको पाइप, बञ्चरो आदि परिवेश अन्तर्गत आएकोले ग्रामीण तथा दरबारिया दुवै परिवेशको सङ्केत दिन्छ ।

### उद्देश्य

मनोरञ्जन प्रदान गर्ने यस कथाले मान्छेको भूतप्रेत प्रतिको विश्वास देखाउँदै जसरी मान्छेलाई भूतले छल्छ र दुःख दिन्छ भन्ने विश्वास छ त्यसैगरी भूतलाई पनि मान्छेले छल्दो रहेछ भन्ने कुरा यहाँ देखाएको छ ।

### भाषा

यस कथाका पात्रहरू पनि लोकभाषामा कुरा गर्छन । सरल शब्दावलीको उपयोग गर्छन्, भन्न खोजेको कुरालाई स्पष्ट बुझाउछन् । यो कथा पनि ग्राम्य प्रकृतिको भएकोले ग्राम्य कथ्य भाषाको प्रयोग भएको छ ।

### शैली

यस कथामा पनि वर्णनात्मक शैलीका साथै अन्य सानो कथा पनि आएको हुनाले अन्तगर्भित शैली पनि आएको पाइन्छ ।

## ७. पिपिरीको देशप्रेम

### कथानक

प्रस्तुत कथा झापा जिल्लामा प्रचलित सामाजिक  सांस्कृतिक लोककथा हो । यहाँ पिपिरी नामको माझीले देखाएको देशप्रेमलाई प्रस्तुत गरिएको छ । मादल बजाएर र माझी कार्य गरेर आफ्नो दैनिक जीवन गुजारा गर्ने माझी पिपिरीको मादलको धुन सुनेर राजकुमारी मोहित हुन्छिन् र मादलको तालमा नाच्न थालेको,

पिपिरीलाई आफ्नै राज्यमा बस्ने आग्रह गरेको, पिपिरीले राजकुमारीको भनाइलाई वास्ता नगरेको । पुनः पिपिरीलाई लिन गएको, पिपिरीले मादल बजाई राजकुमारीलाई निको पार्नु आदिले माझी जातिको संस्कृति र लोक व्यवहारलाई प्रस्ट्याइएको छ कथाको अन्त्यमा राजाले पिपिरीलाई आफ्नो देश (मातृभूमि) र जन्मदिने आमालाई कुनै अवस्थामा छाड्न नसकिने बताएपछि प्रशस्त सम्पत्तिको साथ आफ्नो देशमा फर्कन्छ । यिनै घटनाको शृङ्खलाबाट यो कथा आकर्षक र पुष्ट हुन पुगेको छ । अतः एउटा पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाका रूपमा रहेको छ ।

## पात्र

यस कथाको प्रमुख पात्र पिपिरी माझी हो । आफ्नो मादल बजाउने कार्यले नदी पारिकी राजकुमारीलाई रोग निको पार्न ऊ सक्षम भएको छ । राजकुमारीको मनोभावना अनुकूल कार्य गरी पिपिरीले आफ्नो प्रसिद्धि कमाएको छ । सहायक पात्रमा राजकुमारी हुन भने अन्य गौण पात्रमा राजा र उनका फौज हुन् ।

## परिवेश

यस कथाको प्रस्तुति लौकिक परिवेशमा भएको छ । आँखाले देख्नसकिने गाँउघरको वातावरणमा र दरबारिया परिवेशमा कथा रचिएको छ , पिपिरी नामक माझी बस्ने नदी किनार, डुङ्गा चलाउने पेशा, जूनको टहटह, मादल आदिले ग्रामीण परिवेशको र राजाको दरबारको समेत चर्चा गरिएको छ ।

## उद्देश्य

यस कथको मूल उद्देश्य देशप्रेमसँग सम्बन्धित छ । बुझ्ने मानिसले आफ्नो मातृभूमिलाई भन्दा महत्व अरुकुनै कुरालाई दिदैन । यसैले 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' भन्ने भनाइ यहाँ चरितार्थ हुन आउँछ ।

## भाषा

भाषिक विशेषताका परिप्रेक्षमा यो लोककथामा प्रयोग भएको भाषाको वारेमा विश्लेषण गर्दा भाषाको मानक रूप स्थान विशेष बोलिने कथ्य भाषाको प्रयोग भएको पाइन्छ । यहाँका कथ्य भाषा जनस्तरमा बोलिने खालको छ ।

## शैली

यो कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ८. चङ्खे र मङ्खे

### कथानक

प्रस्तुत कथा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित सामाजिक कथा हो । यस कथाको प्रारम्भमा गरिब आमाका छोराहरूले गरिबीको कारण धनी घर्तीमान काजीकोमा नोकरी गर्न जानुपर्ने बाध्यता र उसको हेपाहा प्रवृतिले गदौ असम्भव कार्य पनि थोरै समयमा पूरा गर्नु पर्ने असंभव सर्त राख्नु कथाको प्रारम्भिक अवस्था हो भने भाइ मङ्खेको बुद्धिमानी कार्यले गर्दा जस्तालाई तस्तै भनेजस्तो गरेर बदला लिन सक्नु, चङ्खे जस्तो गरिबको छोरोले चलाखीपूर्ण तरिकाले आफ्नो बुद्धिले सफलतापूर्वक बदला लिन सक्छन् । सामान्य मानिसले पनि तर्कपूर्ण ढँगबाट आफूभन्दा शक्तिशालीलाई पराजित गर्न सकिन्छ भन्ने सन्देश कथाको माध्यमबाट प्रस्तुत गर्न खोजिएको छ । पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाको रूपमा यस कथालाई लिन सकिन्छ ।

### पात्र

यस कथाको प्रमुख पात्र चङ्खे हो । घर्तीमान काजी सहायक र खलपात्र पनि हो । अन्य सहायक पात्रहरूमा चङ्खेको दाजु मङ्खे हो । भनी घर्तीमानले निमुखा सोझालाई ऋण दिने बहानामा सताउने कार्य गर्छ । दाजु मङ्खेलाई सर्त राखेर नाक काटी घर पठाइदिन्छ । त्यसपछि चङ्खे घर्तीमान कहाँ गई आह्राएका सम्पूर्ण सर्तहरू चतुर्‍याँइका साथ पूरा गरी घर्तीमानको नाक काटी बदला लिन सफल भएको चतुर्‍याँइपूर्ण सफल कथा हो । यसमा अन्य पशुपात्रमा हाँसे कुकुर पनि आएको छ ।

### परिवेश

प्रस्तुत कथा ग्रामीण परिवेशमा कथाको प्रस्तुति भएको छ । प्रस्तुत कथामा घर्तीमान काजीको गैह्री खेत जंगलमा गाई गोरु चह्राउन जाने प्रसंग, भीरवाट लडेर मर्नु, बाढीको पानी हालेर गैह्री खेत पहिरोमा परिणत हुनु आदिले चर्चा पाएको हुँदा ग्रामीण परिवेशको झलक पाइन्छ ।

## उद्देश्य

यस कथाको मुख्य उद्देश्य चतुऱ्याँइ र मनोरञ्जन नै हो । आफ्नो चतुऱ्याँइले मानिसले निकै ठूला सामान्तलाई समेत परास्त गर्छ र आफ्नो अधिकारको पुर्नस्थापना गर्न सक्छ भन्ने सन्देश कथाले दिएको छ ।

## भाषा

यो लोककथाको भाषापनि सरल, सरस र सम्प्रेष्य छ । यहाँका पात्रहरू लोकभाषामा कुराकानी गर्दछन् । सरल र कथ्य शब्दावलीको प्रयोग गरेका छन् । यो भाषा पनि ग्राम्य प्रकृतिको छ ।

## शैली

यस कथामा कथा वर्णनमा आधारित भएकोले वर्णनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

## ९. लोभले लाभ लाभले विलाप

## कथानक

प्रस्तुत कथा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित पशुपक्षी सम्बन्धी लोककथा हो । यसमा एउटा सिकारी सिकारको खोजीमा जाँदा बडेमानको सुँगुर भेट्नु, सुँगुरलाई तीरको प्रहारले घाइते हुनु, घाइते सुँगुरले सिकारीलाई आक्रमण गर्नु र दुवै मर्दछन् । अन्त्यमा जंगलका राजा सिंह र उसका सेना पनि मर्दछन् । पशुपक्षी सम्बन्धी रहस्यमय घटनाको कारणले गदौ कुनै पनि शिकारीहरू त्यस जंगलमा प्रवेश नगर्नु कथाको रहस्य हो ।

## पात्र

यस कथाका पात्रहरूमा सिकारी, सिकार, गिद्ध, जंगली सिंह, उसका सेना आदि हुन् । मुख्य पात्र सिकारीले सुँगुरलाई मार्न खोज्दा उल्टो आक्रमण गरी सिकारीको अन्त्य भएको , त्यसपछि गिद्ध मानवेतर पात्र आइ धनुको ताँदो टोक्न खोज्दा मरेको , जंगली सिँहका फौज आइ हेर्दा रहस्यमय ढंगले मर्न पुगेका र सिंह आफै आउन खोज्दा सर्पले डसी मरेको आदि रहस्यमय र रोमाञ्चक घटनाहरूको आधारमा पात्रहरुको चयन भएको कथा हो ।

## परिवेश

प्रस्तुत कथा ग्रामीण परिवेशमा रचिएको छ । सिकारी सिकारको खोजीमा जंगल जानु, तीरको प्रहारले घाइते अवस्थामा पुग्नु, सिकारले सिकारीलाई प्रत्याक्रमण गर्नु , जंगलका राजा सिंह लगायत त्यस सेनाको मृत्युले सहस्यमय ग्रामीण परिवेश झल्किएको पाइन्छ ।

## उद्देश्य

शीर्षक अनुसार नै उद्देश्य प्रष्ट हुन्छ कथामा सिकार गर्ने सिकारी, गिद्ध, राजा ,सिंह र उसका फौज सिकार प्रतिको आशक्तताले सवै सखाप भए त्यसैले ज्यादा आशक्ति हुनु हुदैन भन्ने नैतिक सन्देश कथाले दिएको छ ।

## भाषा

यस लोककथामा पनि ग्रमीण सरल, सहज, सम्प्रेष्य  र कथ्य भाषाको प्रयोग भएको छ । भाषाको प्रसङ्गमा जोड्दा पर्वते र पुर्वेली  भाषिकासित मिल्दो रूपको प्रयोग भएको पाइन्छ । कतिपय शब्दहरू ग्रामीण चलन चल्ती अनुसार नै प्रयोग भएको पाइन्छ ।

## शैली

यो कथा पनि वर्णनमा आधारित भएकोले वर्णनात्मक शैली नै प्रयोग गरिएको पाइन्छ ।

## १०. झत्ते बूढाको सबाल राजाको जवाफ

## कथानक

यो कथा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित एक कथा हो । एक राज्यका राजा दयालु हुनु, दान भोज गर्नु कथाको प्रारम्भ हो । झत्ते बूढालाई पत्नीले भोजमा पठाउनु, दरबारमा जाँदा बाटामा चरा र माछा देख्नु, र अनायसै काफल .. पाके ती चरा..... भन्ने मनमा आउनु र राजाको सपनाको अर्थ पनि त्यही भनाइ रहेछ भनी भन्ने अर्थ समय र प्रसंगले लागेर अन्त्यमा राजाको ज्यान बाँच्नु आदि घटना श्रृङ्खलालाई विचार गर्दा कहिले काहिँ मानिसको समय र परिस्थितिको संयोगको कारणले सामान्य मानिसको अनायास सोचाइले पनि वास्तविक रहस्यमय

विषय प्राप्तिका लागि सहयोगी हुनसक्छ भन्ने सन्देश दिन खोजिएको यो कथा घटनाको श्रृङ्खला मिलेको यो कथा पूर्ण कथानक भएको कथा हो ।

**पात्रका**

यस कथाको प्रमुख पात्र झत्ते बूढो हुन्छ । कथाका सहायक पात्र राजाले कुनै रहस्यमय कारणका साथ सात दिन भित्र मर्नुपर्ने हुन्छ । दानभोजनमा झत्ते सहभागी हुन्छ । केही नजान्ने माग्नेलाई भोजमा सहभागी हुन जाँदा  अनायास केही कुरा मस्तिष्कमा आउँछ । पछि मन्त्रीले हजामलाई मार्ने आदेश दिँदा झत्ते बूढाको भनाइ भित्तामा टाँसिएको पढ्दै लैजाँदा हजामले मन्त्रीले मार्न लगाएको रहस्य खुल्छ । कथाको मन्त्री खल पात्र हो । हजाम मन्त्रीको सहयोगी पात्र हो । अन्य गौण पात्रहरूमा चरा, माछा मानवेतर पात्रहरू पनि आएका छन् । संयोगले गर्दा झत्तेबूढाले राजाको ज्यान बचाउन सफल हुन्छ ।

**परिवेश**

प्रस्तुत कथाले ग्रामीण र दरबारिया परिवेशलाई देखाएको छ । राजाले सातदिन भित्र मर्ने सपना देख्नु, भोजको आयोजना गर्नु, मन्त्रीले हजाम मार्फत् राजालाई मार्न लगाउनु, ग्रामीण झत्ते बूढो पनि भोजमा सहभागी बन्न जानु, दरबारतर्फ जाँदा जंगल हुदै, काफल पाकेको देख्नु, छिपछिपे पानीमा माछा देख्नु अन्त्यमा दाह्री कटाउन हजामसँग जाँदा भित्तामा टाँसेको कागज पढेर राजाको ज्यान संयोगले बच्नु जस्ता प्रसंगले ग्रामीण र दरबारिया दुबै परिवेशको संकेत गर्दछ ।

**उद्देश्य**

समाजमा रहेका कतिपय अति निरिह पात्रले पनि परिवन्दले सम्मानित  स्थान आर्जन गर्न सक्छ । समयको संयोगले निक्कै ठूलो मृत्युकारक विपत्ति पनि टर्न सक्छ । मानिस समय र परिस्थितिको संयोगले बाँच्न र मर्न दुवै अवस्था प्राप्त गर्न सक्छ भन्ने सन्देश कथाले दिएको छ ।

### भाषा

प्रस्तुत कथाले ग्रामीण र दरवारिया परिवेशलाई उल्लेख गरेको भएतापनि यहाँका पात्रहरू सरल र लोकभाषाको प्रयोग गर्दछन् र भन्न खोजेको कुरालाई प्रष्ट पार्दछन् यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग भएको पाइन्छ । सवाल र जवाफको तारतम्य मिलाउने क्रममा केही अस्पष्ट सांकेतिक भाषाको पनि प्रयोग गरिएको छ ।

### शैली

प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ११. सुखु र दुःखु

### कथानक

यस कथामा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित सामाजिक विषयवस्तु भएको कथा हो । कथाको प्रारम्भमा गरिब किसानका दुइवटी पत्नीहरूबाट छोरीको जन्म भएको प्रसंगबाट प्रारम्भ गरिएको कथामा जसको स्वभाव शिष्ट, नम्र, भद्र, हुन्छ र आचरणले गर्दानै मानिसले आफ्ना सारा दुःख ,कष्टबाट मुक्ति पाउन सकिन्छ र प्रकृति, हावा, वृक्ष, घोडा ,पशुपंक्षी रुखविरुवाको सह्यार गर्‍यो भने जतिसुकै दुःख र कष्ट भएको मानिसले पनि अन्त्यमा आफ्नो परिस्थितिबाट अनुकूलता प्राप्त गर्न सक्छ भन्ने उपसंहारका साथ कथा टुङ्गयाइन्छ ।

### पात्र

प्रस्तुत कथामा मानव र मानवेतर मात्र हावा, पिपल र घोडा समेत  छन् । यसका प्रमुख पात्र सुखु र दुखु  हुन् । गरिव किसान (बाबुको) मृत्युपछि सौतेनी कलह हुन्छ । सुखु छुच्ची र लोभी स्वभाव भएकी तर दुखु शान्त, सरल स्वभावकी हुन्छे । दुखु सोझी मिलनसार भएकोले हावा, पिपल र घोडालाई सहयोग गर्दछे । सहयोगी मानिसलाई उसको परिस्थितिले साथ दिन्छ भने झै आखिरमा बूढी आमैले प्रशस्त धन दौलत दिई सहयोग गर्छन ।

## परिवेश

प्रस्तुत लोककथा लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेशमा रचिएको छ । यसमा उल्लेख भएका टुक्रो खेत ,बारी, सुखु धनी हुनु, दुखु गरिब र शीष्ट हुनु, हुरीबतास, पिपलको रुख आदि ग्रमीण परिवेशका झलक हुन् ।

## उद्देश्य

यस कथाको मुख्य उद्देश्य उपदेशमूलक छ । 'दुर्जनका आँखामा आँसु' भने झैं , सज्जन र सच्चरित्र भएका मानिसले मात्र अरुबाट सहयोग पाउन सक्छन् भन्नु कथाको मूल उद्देश्य हो ।

## भाषा

यस लोककथामा पनि सरल, सरस, बोधगम्य र कथ्य लोकभाषाको प्रयोग गरेको पाइन्छ । यस क्षेत्रमा पाइने भाषा ग्राम्य प्रकृतिको नै पाइएको छ ।

## शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ ।

## १२. बाठो स्याल

## कथानक

प्रस्तुत लोककथा झापा जिल्लाको प्रचलित एउटा पशुपंछी सम्बन्धी कथा हो । एउटा पशु आफ्नो चतुरताले गर्दा अनेक बाधा, व्यवधान, दुःख, कठिनाइबाट मुक्त भई परिस्थिति अनुकूल बनाई सुखका साथ जीवनयापन गर्न सक्छ भन्ने बताइएको छ । गरिब केटाले मागेर संग्रह गरेको चामल स्यालले खाइदिए पछि कथाको प्रारम्भ भएर स्यालको चतुऱ्याँइले गर्दा सातसय जन्ती लिएर जानुपर्ने राजाले राखेको उल्याउने सर्तलाई चार जनाले मात्र पूरा गरेर देखाउँछन् । राजाले मार्नका लागि मुडो राखेको षड्यन्त्र पनि श्यालले थाहा पाई आफ्नो चतुऱ्याँइले गर्दा बेहुलालाई बचाउन स्याल सफल बन्छ । र राजाले बाध्य भएर राजकुमारी दिन्छ भन्दै कथा विकसित भएको र बूढाबूढीलाई संरक्षण गर्ने तरिका बताएपछि धनी बूढाबूढीले आश्रय दिएको सन्दर्भमा कथाको समाप्ति हुन्छ । एउटा सामान्य पशुको चतुरताको

कारणले ठूला ठूला अप्ठयाराबाट विजय प्राप्त गर्न सफल भएको हुँदा यी विभिन्न घटनाको संयोजनवाट कथा लोकप्रिय एवम् पूर्ण बनेको छ ।

**पात्र**

यस कथामा मानवेतर पात्र स्याल प्रमुख पात्रको रुपमा उपस्थित भएको छ । सहायक पात्रहरूमा केटो, अर्को राज्यको राजा राजकुमारी, खोलाको पानी सुकाउने मान्छे , लहरापहरा खाएर नअघाउने मान्छे हुन् । अन्य गौण पात्रमा सूचीकार पर्दछ । कथामा प्रमुख पात्र स्यालको चतुऱ्याँइ र जुक्ति ले गर्दा ठूला ठूला असम्भव कार्य समेत सर्त अनुसार पूरा गरी केटोको विवाह गरिदिई धनी बृद्धबृद्धाको संरक्षणमा राख्न सफल भएको छ ।

**परिवेश**

ग्रामीण र दरबारिया परिवेशमा कथाको प्रस्तुति भएको छ । प्रस्तुत कथाको मुख्य पात्र केटोले मागेर ल्याएको चामल गाग्रामा राख्नु, स्यालले अर्को राज्यका राजासँग छोरी माग्नु, विवाहमा जन्ती ल्याउन अत्तो थाप्नु, कुराउनी पकाउनु ,लुगा साट्नु, खोलामा पानी सुकाउने ,मान्छे र लहरा खानेलाई लिई जन्त जानु, भ्याङ्गमा बास बस्नु ,जग्गे र मूडो आदिले ग्रामीण र दरबारिया परिवेशका झलकलाई जनाएका छन् ।

**उद्देश्य**

कथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । स्यालको बठ्याँइले गर्दा सामान्य केटालाई पनि राजाकी छोरी राजकुमारी विवाह गरिदिन सफल हुन्छ । जंगली जनावरको वठ्याँइले गर्दा मानिसले समेत उत्तम दर्जा प्राप्त गर्न सक्छन् भन्ने कुरा प्रष्ट पार्छ ।

**भाषा**

ग्रामीण र दरवारिया परिवेशमा कथा आएको भएता पनि कथाको प्रयुक्त भाषा सरल, सहज, ग्राम्य, बोधगम्य र कथ्य ग्रामीण भाषाको प्रयोग यस कथामा गरिएको पाइन्छ ।

## शैली

यो कथा वर्णनमा आधारित भएकोले वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## १३. गरिबको खुसीमा ईर्ष्या

### कथानक

प्रस्तुत कथा झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित सामाजिक कथा हो । यसमा दिदी बहिनी भनेका दुवै आगोका ज्वाला हुनसक्छन् । तिनीहरूले अरुको उन्नतिको डाह गर्छन् भन्ने कुरालाई श्रृङखलितरूपमा प्रस्तुत गरिएको छ । यस कथाको आरम्भमा दिदी च्यान्टी र बहिनी च्याङ्खुरीको विवाह हुन्छ । च्याङ्खुरी धनी र च्यान्टी चाहि गरिब भई एकै गाँउमा बस्तै आएका हुन्छन् । दिदीले बहिनीलाई काम सघाएर पिठो ल्याई गुजारा चलाउनु कथाको विकास भाग हो । कथाको अन्त भागमा दिदीको उन्नतिको ईर्ष्या गर्ने र आफू पनि अझ सम्पत्ति कमाउने आशामा रहेकी बहिनीको दैलो देखि चुलासम्म बाघले छेरिदिनु कथाको अन्त्य भाग हो , पूर्ण कथानक भएको प्रस्तुत कथा लोकप्रिय कथाका रूपमा रहेको छ ।

### पात्र

यस कथाका प्रमुख पात्र बृद्ध व्यक्तिका दुई छोरीहरू च्यान्टी र च्याङ्खुरी हुन् । विवाह पशचात पनि तिनीहरू को एउटै गाँउमा बसोबास हुन्छ । तर ती दिदी बहिनीमा वर्गीय भेद भने रहेको छ । बहिनी च्याङ्खुरी बिडम्बनाबस धनी थिई च्यान्टी चाहिं गरिब, बाघ चाहिँ मानवेतर पशु पात्रको रूपमा देखापरेको छ ऊ दिदीको सहयोगी पात्र बनेकी छ । जेठी दिदीलाई गरिबीमा सहयोग गर्न पैसा हगिदिन्छ तर ईर्ष्या गर्ने बहिनीको घरमा छेरिदिन्छ । दिदी सत् चरित्रकी तर बहिनी चाहिँ असत् चरित्र भएकी देखाइएको छ । सत्यको जित हुन्छ भन्ने देखाउन खोजिएको र बाघले पनि मान्छेले झै व्यवहार गरेकोले कथा रोमाञ्चक बनेको छ ।

### परिवेश

एउटै गाउँमा दिदी बहिनी च्यान्टी र च्याङ्खुरीको विवाह हुनुले आरम्भमा नै ग्रामीण परिवेश झल्किएको छ । वहिनी धनी, दिदी गरिब हुनु, पीठोको अभावमा सिस्नो टिप्न जानु, बाघले दैलो देखि चुल्हो सम्म हग्नु आदि ग्रामीण परिवेशलाई संकेत गर्ने प्रसंग आएका छन् ।

### उद्देश्य

कथाको मूल आश्य दिदी बहिनीमा नाताको घनिष्ठता हुनुपर्छ । बर्गीय भेदभाव गर्नुहुन्न , आफन्तले दुःखी आफन्तलाई सहयोग गर्नुपर्छ । आफन्तले हेला गरेमा दुःखीको सहारा दैव भने झै जंगली पशु बाघले पनि मानवेतर चरित्रका रूपमा सहायता गर्छ भन्ने सन्देश दिदै कथाको मूल उद्देश्य मनोरञ्नन प्रदान गर्नु हो ।

### भाषा

भाषा लोककथा प्रस्तुतिको माध्यम भएकोले भाषा विना यसको प्रसतुति हुदैन झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित यो लोककथामा पनि ग्रामीण जनजीवनको स्पष्ट झलक पाइने हुनाले यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग भएको छ । भाषा सरल, सहज र बोधगम्य छ ।

### शैली

यो कथा वर्णनमा आधारित भएकोले वर्णनात्मक शैलीको  प्रयोग भएको पाइन्छ ।

## १४. निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने झापा जिल्लाको पश्चिमी क्षेत्रमा प्रचलित लोककथाहरूमा त्यहाँको स्थानीय लोकधारण, सामाजिक सांस्कृतिक परिवेश,आर्थिक अवस्था, धार्मिक विश्वास, शैक्षिक गतिविधि, भाषिक अवस्था , प्राकृतिक दृश्यावलीको यथार्थ चित्रण पाइन्छ । यस जिल्लाका लोककथाहरूमा विषयगत विविधता, साहित्यिक विशेषता लगायत माधुर्य तथा प्रस्तुतिका विभिन्न ढाँचा स्थानीय जन –

जीक्वनमा व्याप्त छन् । लोक जीवनले संरक्षणगर्दै नयाँ नयाँ स्वाद लिंदै आएका छन् । यहाँ संकलित लोककथाहरू वर्गीकरणका क्रममा समाजिक लोककथाहरू बढी देखिएका छन् भने अन्य कथाहरू केही कम देखिएका छन् । त्यस्तै यहाँका कथाहरू प्रायजसो मनोरञ्जन र नीति शिक्षा दिने उद्देश्यलेनै भन्दै सुन्दै आएका छन् ।

# अध्याय - पाँच

## उपसंहार

पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने मेची अञ्चलका चार जिल्ला मध्ये झापा जिल्ला पनि एक हो । यस जिल्लाको धरातलीय स्वरूपलाई हेर्दा तराईको सम्म मैदान उत्तरमा चूरे  भागको केहीभाग अवस्थित छ । यस जिल्लामा धार्मिक, सामाजिक, साँस्कृतिक आदि परम्परा मान्यता पनि निरन्तर रूपमा परिचालन गरिदै आएको छ । परम्परा र लोक मान्यताका आधारमा झापा जिल्लामा लोककथाहरूको सिर्जना गर्ने क्रम रहेको छ र प्रस्तुत अध्ययनमा यहाँ प्रचलित लोककथाहरूलाई सङ्कलन, वर्गीकरण र विश्लेशण अध्ययन गरी प्रस्तुत अध्ययनपत्र तयार गरिएको हो ।

झापा जिल्लाका पश्चिमी क्षेत्रका लोककथामा जनताका सुख दुःख सञ्चित हुनका साथै समसामयिक झलक पाइन्छ । यी लोककथाहरू एक पुस्ताबाट अर्को पुस्तामा एक व्यक्तिबाट अर्को व्यक्तिमा सधै जीवित र विकसित हुँदै आएका छन् । सामाजिक साँस्कृतिक जीवनका विविध धटना, विभिन्न प्रसङ्ग, उनीहरूका क्रियाकलाप र जीविकोपार्जनसित सम्वन्धित पेसाका साथै ऐतिहासिक परम्परा, पौराणिक मान्यता, सामाजिक अवस्थिति आदिको पनि यी लोककथामा अभिव्यक्त भएको पाइन्छ ।

झापा जिल्लामा प्रचलित लोककथाहरू मेलापात, घाँस दाउराको फुर्सद मिल्दा खास गरी बेलुका भन्ने गरिन्छ । यस जिल्लामा प्रचलित लोककथामा धार्मिक सम्प्रदाय प्रतिको आस्था पनि देखिन्छ । त्यसै सामाजिक आर्थिक, भाषिक र मौलिक क्षेत्रसँग पनि सम्वन्धित कथा छन् । कतिपय लोककथामा करुण, हास्य आदि रसको पनि प्रयोग भएको पाइन्छ ।

प्रस्तुत अध्ययनमा झापा जिल्लामा प्रचलित लोककथालाई समेट्ने प्रयत्न गरिएको छ  तापनि अझै विशिष्टिकृत अध्ययनको आवश्यकता महसुस गर्न सकिन्छ । नेपाली लोककथाको आवश्यक्ता महसूस गर्न कतिपय  समस्या रहेको छन् । ती हुँदाहुँदै पनि विविध लोककथाको अध्ययन गरिएको छ । भावी अध्ययनमा तिनले आधार सामग्रीको काम गर्न सक्छन् ।

समष्टिमा झापा जिल्लाको पश्चिमी क्षेत्रको लोककथहरू सम्बन्धी यस अध्ययनले त्यहाँको लोककथाको क्षमता र वैशिष्ट्यको पहिचान प्रस्तुत गरेको छ । यसले त्यहाँको लोककथाको भण्डारमा अन्य लोकसाहित्य विधाहरूको अवस्थाबारे अड्कल गर्न सकिने स्थिति पनि सिर्जना गरेको छ । वास्तवमा झापा जिल्लाको पश्चिमी क्षेत्रको विगत र वर्तमान बुझ्ने र भावी सम्भावनालाई निम्त्याउन प्रस्तुत झापा जिल्लाको पश्चिमी क्षेत्रको लोककथाको अध्ययनले आफ्नै प्रकारको योगदान गर्ने देखिन्छ  भने यसबाट ज्ञानका विविध क्षेत्र पनि लाभान्वित हुने विश्वास गर्न सकिन्छ ।

## संकलित लोककथाका सूचकहरुको परिचय

| क्र.स. | लोककथाको शीर्षक | सूचकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | पापको फल | अनु दहाल | दमक नगर पालिका - ६ |
| २. | नाङ्गेको जुक्ति | आशा नेम्वाङ् | कोहवरा गा.वि.स. - १ |
| ३. | लोभको परिणम | बिमला बस्नेत | तोपगाछि गा.वि.स -२ |
| ४. | सुनको स्याउ फल्ने रुख | गणेश राउत | महारानीझोडा - ६ झपा |
| ५. | भूत र तीन माग्नेको कथा | खेमराज ढकाल | धरमपूर - ६ |
| ६. | झिल्के मिल्के पहिरनको राजकुमार | सुमन काफ्ले | गौरीगंज गा.वि.स - १ |
| ७. | पिपिरीको देश प्रेम | प्रेम ताजपुरिया | जूरोपानी गा.वि.स - ९ |
| ८. | चङ्खे र मङखे | मञ्जु गेलाल | गौरादह गा.वि.स -३ |
| ९. | लोभले लाभ लाभले विलाप | प्रेमराज कार्की | महारानीझोडा - ४ झापा |
| १०. | झत्ते बूढाकोसवाल राजाको सपनाको जवाफ | तृप्ता ढकाल | लखनपुर गा.वि.स -९ |
| ११. | सुखु र दुःखु | हरिनारायण राजबंशी | बैगुनधुरा - ५ |
| १२. | बाठो स्याल | शिव दहाल | खजुरगाछी -७ |
| १३. | गरिबको खुसीमा ईर्ष्या | देवी श्रेष्ठ | महरानीझोडा - २ झापा |

# सन्दर्भ ग्रन्थसूची


१. उप्रेती , कुन्दनलाल, **लोकसाहित्य के प्रतिमान** (दो.सं.)आलीगढ, भारत, ई १९८० ।

२. बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं एकताबुक्स, २०५८ ।

३. शर्मा, जनकलाल, **हाम्रो समाज एक अध्यायन** (दो.सं.) काठमाडौं, साझा प्रकाशन, २०४९ ।

४. दिवस, तुलसी, **नेपाली लोककथा केही अध्ययन**, काठमाडौं ने.रा.प्र.प., २०३२ ।

५. थापा, धर्मराज सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र (२०४१)

६.भट्टराई, शरचन्द्र, **प्राचीन नेपाली गध्य**, काठमाडौं साझा प्र. २०४२ ।

७. परानुली, मोतीलाल, **नेपाली लोककथाका अभिप्रायको अध्ययन**, शोधप्रवन्ध विद्यावारिधि, २०५४ ।

८. देवकोटा , रत्नाकर, **केन्द्रीय नेपाली भाषिका उखान र गाँउ खाने कथा**, काठमाडौं, साझा प्र. २०५८ ।

९. कोइराला, शम्भु , **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।